एक अर्ब डलर हिनामिनामा अर्जेन्टिनी उपराष्ट्रपतिलाई... पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक १९३ • २०७९ साल मंसिर २२ गते बिहीबार (8 December, Thursday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## लोसपा अध्यक्ष ठाकुर बधाईमा

# पराजित झा र महतो लगायतका नेता समीक्षामा

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)ले आमनिर्वाचनमा अप्रत्याशित परिणामको पीडा भोगिरहँदा अध्यक्ष महन्थ ठाकुर भने बधाई लिन व्यस्त छन् ।पराजित भएका पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो, अनिल कुमार झा, प्रदेश सभामा सञ्जयकुमार सिंह लगायतले समीक्षा थालेका छन् ।

लोसपाका अध्यक्ष ठाकुर, शरतसिंह भण्डारी समेत ४ जना प्रतिनिधि सभामा निर्वाचित भएका छन् ।समानुपातिकतर्फको मत ३ प्रतिशत प्राप्त हुन नसकेको कारण राष्ट्रिय पार्टीसमेत बन्न सकेन् ।त्यसकारण समानुपातिकतर्फको प्रतिनिधिसभाको सिट पाउन लोसपा असफल भएको छ ।

राष्ट्रिय राजनीतिमा अस्तित्व नै संकटमा परेको लोसपाका पराजित प्रमुख नेताद्वय महतो र झा हारको कारण खोतल्न थालेका छन् ।२०७४ सालमा लोसपाबाट धनुषाको निर्वाचन क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका तत्कालीन उपसभापति विमलेन्द्र निधिलाई पराजित गरेका महतोले भने यस पटक क्षेत्र छाडेका थिए ।नेकपा एमालेकी नेतृ जुली महतोले लोसपाका अनिल कुमार झालाई फराकिलो मतान्तरले पराजित गरिन् ।

सत्तारुढ गठबन्धनमा समावेश रहेको लोसपाले धनुषा जिल्लामा प्रतिनिधि र प्रदेश सभामा खाता खोल्न सकेन् ।प्रतिनिधि सभा क्षेत्र ३ मा झा कमजोर देखिए पनि प्रदेश सभा 'ख' मा निवर्तमान सांसद परमेश्वर साह जित्ने अनुमान गरिएको थियो ।

हुनत लोसपाका मधेश प्रदेश सचिव रामविनोद चौधरी(पप्पु)ले पराजयको कारण नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिको टाउकोमा थुपारेका छन् ।प्रदेश 'ख'मा निधिले नै कांग्रेसका नेता हरिशंकर साहलाई बागी उम्मेदवार उठाएर पराजित गराएको चौधरीको आरोप छ ।

वरिष्ठ नेता महतोको निवासमा भएको छलफलमा प्रदेश ख का उम्मेदवार परमेश्वर साह सहभागी छैनन् ।साहले चुनावको परिणामलाई स्वीकार गरेको जनाउँदै मधेश र मधेशी अधिकारका लागि निरन्तर लागिरहने बताए ।



बधाई ग्रहण गर्दै लोसपा अध्यक्ष महन्थ ठाकुर । *तस्वीर : टुडे*



राजेन्द्र महतो लगायत अन्य नेताहरु समीक्षा गर्दै ।

'लोकतान्त्रिक प्रक्रियामा जनताले दिएको अभिमतलाई आत्मसातगर्दै आगामी दिनमा अझ बढी सक्रियताका साथ जनसेवामा समर्पित रहनेछु' उनले भने, चुनावमा गठबन्धनबाट सहयोग नभएको जाहेर नै छ ।लोसपाका केही नेता र कार्यकर्ताहरुले साह विरुद्ध सक्रिय भएर लागेको आरोप लाग्ने गरे पनि औपचारिक धारणा पार्टीले सार्वजनिक गरेको छैन् ।

पार्टीका उम्मेदवारहरु पराजित भए लगतै जनकपुरधाम उपमहानगरपालिकाका लोसपा अध्यक्ष मनोज कुमार चौधरीले राजिनामा दिएका थिए ।नैतिकताको कारण राजिनामा दिएको उल्लेख गरे पनि उनी लोसपाको साधारण सदस्यता समेत परित्याग गरिसकेका छन् ।

बैठकमा समेत सहभागी रहेका चौधरीले भने समीक्षा बैठक नरहेको बताउँदै नेता महतोसित भेटघाट मात्र रहेको बताए ।मधेशमा भएका आन्दोलनहरुमा सक्रिय नेतृत्व गरेका महतो र छात्र राजनीतिदेखि नै मधेशका लागि लडेका झा पराजयको पीडामा रहेका बेला लोसपाका अध्यक्ष ठाकुरले भने बाजागाजा बजाउँदै बधाई लिइरहेका छन् । नेता महतो र झा भन्दा धेरै पछि मधेश आन्दोलन ठाकुरको सहभागिता भएको हो ।

पार्टीलाई पारिवारिक बनाएको आरोप खेप्दै आएका ठाकुरले प्रतिनिधिसभातर्फ आफ्नी छोरीलाई महिला मधेशी कोटाको १ नम्बरमा नाम राखेका थिए ।तर राष्ट्रिय दलको हैसियत प्राप्त गर्न असफल भएको लोसपामा ठाकुरको चाहना पूरा हुन सकेन् ।

उच्चस्रोतका अनुसार लोसपाको मधेश प्रदेशमा प्रत्यक्षतर्फ ५ र समानुपातिकतर्फ २ स्थानमात्र प्राप्त गर्न सकेको छ ।पार्टी नै धराशायी हुने अवस्थामा पुगेकाले अध्यक्ष ठाकुरलाई राजिनामा दिनुपर्ने माग पनि उठाउने तयारी भइरहेको स्रोतले जनाए ।

लोसपाबाट निर्वाचित चारै जना सांसदहरुको हैसियत स्वतन्त्र भएको छ ।उनीहरुलाई दलबदल अथवा दलको ह्विप लाग्ने छैन् ।मधेश राजनीतिमा हालसालै उदाएको जनमत पार्टीले राष्ट्रिय हैसियत प्राप्त गरेको छ ।रवी लामेछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले पहिलो चुनावमै राष्ट्रिय दलको हैसियत प्राप्त गरी सरकार गठनमा निर्णायक भूमिकामा पुगेको छ ।

# प्रचण्डलाई पहिलो चरणमै प्रम बन्न दबाब

**टुडे समाचारदाता**

काठमाण्डु ।नेकपा माओवादी केन्द्रका नेताहरुले पहिलो चरणमा नै सरकारको नेतृत्व गर्न पार्टी अध्यक्ष प्रचण्डलाई दबाब दिन थालेका छन् । कांग्रेस नेतृत्वमा पाँचदलीय गठबन्धनको बखत चुनावपछि माओवादी केन्द्रलाई सरकारको नेतृत्व दिने 'भद्र सहमति' भएको माओवादी नेताहरुले बताउँदै त्यसको कार्यान्वयन गर्न कांग्रेसमाथि दबाब दिन समेत प्रचण्डलाई आग्रह गरेका छन् ।

सरकारको नेतृत्व गर्ने सिट चुनावमा माओवादीले प्राप्त नगरेको कारण पहिलो चरणमा कांग्रेसकै नेतृत्वमा सरकार बन्ने र दोस्रो चरणमा माओवादीले नेतृत्व गर्ने तर्क दिन थालेका छन् ।

तर माओवादीका नेताहरुले सरकारको नेतृत्व नदिए कांग्रेस नेतृत्वको सरकारलाई बाहिरबाट समर्थन दिनुपर्ने सुझाव प्रचण्डलाई बुधवार दिएका छन् ।

गंगा सागर पोलिक्लिनिक प्रा.लि.

डा. पंकज कुमार साह
एम.बी.बी.एस. (M.B.B.S.) (टि.यू.) नेपाल
एम.डि. (M.D.) धुलिखेल अस्पताल
काठमाण्डौं युनिभर्सिटी, नेपाल
कन्सलटेन्ट फिजिसियन
एसिस्टेन्ट प्रोफेसर (टि.यू.)
एन.एम.सी. नं. 16449

डा. बृज कुमार यादव
एम.बी.बी.एस. (M.B.B.S.) एम.डि. (M.D.)
टिचिंङ्ग अस्पताल, काठमाडौं
नवजात तथा बालरोग विशेषज्ञ
जनकपुर प्रादशिक अस्पताल
एन.एम.सी.नं.:-15735

डा. राकेश कुमार यादव
एम.बी.बी.एस. (बि.पि.के.आई.एच.एस., धरान)
एम. एस. (टि.यु.) नेपाल
अर्थोपेडिक
हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
एसिस्टेन्ट प्रोफेसर (टि.यु.)
एन.एम.सी.नं.:-16292

जनकपुरमा पहिलो पटक:
(1) एउटै ओ.पी.डी. टिकटको पैसा तिरी फिजिसियन, हार्डजोर्नी, नाक-कान-घाँटी, सर्जरी, आँखा, दाँत, प्रसूति, बच्चा सम्बन्धि आफूलाई जरूरी अनुसारको डाक्टर परामर्श लिन सक्ने।
(2) नियमित रूपमा चेकगराउने बिरामीको लागि मेम्बर कार्ड को सुविधा (रू. 499 मा आजीवन मेम्बर बन्न सक्ने) सुविधा
ल्याब मा 15% छुट, X-Ray/Video X-ray ECG मा 15 % छुट, औषधि मा 5% छुट

हरेक महिना को अन्तिम शनिवार निशुल्क सेवा:
- सुगर, थाइराईड, पिसाब को जाँच फ्रि
- दम बिरामीको लागि हुने PFT, Spirometry निशुल्क
- थाइराईड, सुगर, र हाइपरटेन्सन को औषधि नि:शुल्क
- डाक्टर फि मा 50% छुट

होल वडी प्याकेज को व्यवस्था

लाकेशन मैप
प्रादेशिक अस्पताल
बारह बिघा Barha Bigha
उत्तर
दक्षिण
अस्पताल रोड
संकट मोचन मन्दिर
गंगा सागर पोलिक्लिनिक प्रा.लि.
9812112500
9748388474

सम्पर्क स्थान:
जनकपुरधाम-9, अस्पताल रोड देखि संकट मोचन जाने बाटोमा, बारह बिग्हाको पश्चिम दक्षिण कुनामा (थारु कुट्टी)
9812112500, 9748388474, 9815890008 (सागर जी)
E-mail: gangasagarpolyclinic@gmail.com

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरु

डेंगी
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू
उच्च ज्वरो आउनु
जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
आँखाको गेडी दुख्नु
बेस्सरी टाउको दुख्नु
शरीरमा राता बिमिराहरु आउनु
वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?
स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।
घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।
अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरून्त भर्ना हुने ।
( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

सखुवानन्कारकट्टी गाउँपालिका
सखुवानन्कारकट्टी, सिरहा, मधेश प्रदेश

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरु

डेंगी
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

डेंगीबाट बच्ने उपायहरू
एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।
आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।
दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।
घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।
पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

सोनमा गाउँपालिका
सोनमा, महोत्तरी, मधेश प्रदेश

# लैङ्गिक हिंसा रोक्न सामाजिक जागरणमा लाग्नुपर्छ : मन्त्री रेग्मी

काठमाण्डु।महिला,बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले समाजलाई जगाउन सकिएन भने लैङ्गिक हिंसा रोक्न नसकिने भएकाले सामाजिक जागरणमा लाग्नुपर्नेमा जोड दिनुभएको छ।

महिला हिंसाविरुद्ध १६ दिने अभियानका अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महिला, कानुन र विकास मञ्चलगायतका संस्थाले संयुक्तरुपमा आज आयोजना गरेको 'लैङ्गिक हिंसाको सम्बोधन र सेवा प्रवाहमा प्रभावकारिता' विषयक अन्तर्क्रियामा उहाँले कानुन बनाएर र सरकारले गरेर पनि लैङ्गिक हिंसा रोक्न नसकिएकाले सामाजिक जागरणमै जोड दिनुपर्ने बताउनुभयो।

"लैङ्गिक हिंसाको कार्यक्रमको स्वरुपमा परिवर्तन गरिनुपर्छ, ३० वर्षसम्म महिलालाई मात्र राखेर कार्यक्रम गरियो, यसले भएन, राजनीतिक दलले जागरणमूलक सन्देश दिनुपर्छ, अबको कार्यक्रम कार्यान्वयन गर्ने दलको पनि सक्रियतामा कार्यक्रम अघि बढाइनुपर्छ', मन्त्री रेग्मीले भन्नुभयो।

महिला, बालबालिका र ज्येष्ठ नागरिक गरी ८० प्रतिशत जनसङ्ख्याको प्रतिनिधित्व गर्ने मन्त्रालयलाई रु ८० करोड मात्र बजेट विगतका वर्षमा विनियोजन भइरहेकामा चालु आर्थिक वर्षदेखि आफूले रु एक अर्ब ७८ करोड विनियोजनको वातावरणमिलाएको जानकारीपनि उहाँले गराउनुभयो। मन्त्रालयलाई कम्तीमा पनि रु पाँच अर्ब बजेटको व्यवस्था हुनुपर्नेमा उहाँले जोड दिनुभयो। पाँच अर्ब बजेट भएमात्र यस क्षेत्रमा आवश्यक काम गर्न सकिने मन्त्री रेग्मीको भनाइ छ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले ज्येष्ठ नागरिकका क्षेत्रमा काम गर्ने भनी रु ९५ अर्बको बजेट सरकारबाट स्वीकृत गराए पनि काम भएको नदेखिएको मन्त्री रेग्मीले सुनाउनुभयो। यससम्बन्धी अनुगमन गर्ने निकायले ध्यान दिनुपर्ने उहाँको भनाइ थियो।

मन्त्रालयका सहसचिव लक्ष्मीकुमारी बस्नेतले हिंसामा महिला मात्र नभई बालबालिका, ज्येष्ठ नागरिक र पुरुष पनि यसको सिकार हुने गरेको बताउनुभयो। हिंसा गर्भावस्थादेखि वृद्धावस्थासम्म हुने गरेको उहाँले सुनाउनुभयो। यसबाट मुक्तिका लागि मन्त्रालयले संरक्षणात्मक, सशक्तीकरण र अभियानमुखी काम गरिरहेको जानकारी सहसचिव बस्नेतले गराउनुभयो।

कार्यक्रममा मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले प्रविधिको विकाससँगै साइबरबाट हुने हिंसा पनि बढ्न थालेकाले यससम्बन्धी ज्ञान पनि बढाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा कोसिसका अध्यक्ष मातृका देवकोटालगायतले हिंसा अन्त्यका लागि जागरणमूलक अभियान चलाउनुपर्नेमा जोड दिनुभएको थियो।रासस

# उधौली पर्व मनाइँदै

काठमाण्डु। प्रकृति पुजारी किराँत समुदायको दोस्रो महत्वपूर्ण चाड उधौली देशभर हर्ष उल्लासका साथ मनाइँदै छ। हरेक वर्ष मङ्सिर पूर्णिमाका दिन उधौली चाड मनाउने गरिन्छ।

"किराँत राईहरुको दोस्रो महान चाड उधौलीमा अन्नबाली भित्र्याउनुअघि प्रकृति र पितृको पूजा गर्ने चलन छ', किराँती राई यायोख्खाका अध्यक्ष जीवन हाताछो राई भन्नुहुन्छ, "यस चाडमा किराँती एकापसमा भेला भएर सङ्गठितरुपमा चाड मनाउने र शुभकामना आदनप्रदान गर्ने गरिन्छ।'

किराँतको धार्मिक पुस्तक मुन्धुमअनुसार समयलाई दुई भागमा बाँडेको छ, उधौलीरउभौली।खेतीकिसानीका आधारमा यी दुई समय बाँडिएको किराँत समुदायको बुझाइ छ। वैशाख पूर्णिमामा उभौली चाड मनाइन्छ। खेती किसान गर्नका लागि मनाइने चाड उभौली हो। बाली भित्र्याउने समयलाई उधौली चाड मनाउने गरिन्छ। बाली भित्र्याउनुअघि प्रकृतिसँग नजिक देवताका पूजा गरेर आफ्ना पुर्खा/पितृलाई सम्मान गर्दै चढाउने प्रचलन रहेको छ।

"धर्ती तातो हुँदै जाँदा चराचुरुङ्गी लेकतिरको शीतलतर्फ जान्छन्, त्यो समयको चाड उभौली भनियो। यो समयमा चिसो बढ्दै जाँदा लेकका चराचुरुङ्गी तराईतिर झर्छन्, यसलाई उधौली भनिएको हो', किराँती राई यायोख्खाका अध्यक्ष राईले बताउनुभयो।

यता, संस्कृति अध्यता भोगिराज चाम्लिङका अनुसार उधौली र उभौली चाड मनाउने तरिका फरक छ। उहाँ भन्नुहुन्छ, "उभौलीमा ढोल झ्याम्टा बजाउने, साकेला शिली गरेर धर्तीलाई जगाउने प्रचलन छ।

अब उधौलीमा पृथ्वीलाई सुत्न अर्थात् आराम दिनुपर्छ भन्ने विश्वास गरिन्छ। त्यसैले यस बेला प्रकृतिको पूजा गरे पनि धेरै होहल्ला गर्न हुन्न भन्ने धार्मिक मान्यता छ। तर पछिल्लो समय सहर बजारमा कृषि संस्कृति र जीवनशैली नभएका कारण उभौली झैँ ढोल झ्याम्टा बजाउँदै नाचगानसमेत गरिन्छ।' रासस

# निर्माता सङ्घमा दीपकराज र रवीन्द्र मनोनीत

काठमाण्डु। नेपाली फिल्म निर्माताहरूको छाता सङ्गठन नेपाल चलचित्र निर्माता सङ्घको कार्यसमितिमा निर्माता तथा अभिनेताद्वय दीपकराज गिरी र रवीन्द्रसिंह बानियाँ मनोनीत हुनुभएको छ। निर्माता गिरीले छक्का पञ्जा सिरिजमार्फत नेपाली बक्सअफिसमा आफूलाई सफल बनाइसक्नुभएको छ।

यस्तै निर्माता बानियाँ पनि लगातार फिल्ममार्फत सफलता हात पारिरहनुभएको छ। उहाँको निर्मित चौथो फिल्म 'महापुरुष' प्रदर्शनरत छ भने रु १० करोड बढीको कलेक्सन घरेलु बक्सअफिसमै गरिसकेको छ।

सङ्घको मङ्गलबार बसेको कार्यसमिति बैठकले उहाँ दुईलाई कार्यसमिति सदस्यमा मनोनीत गरेको अध्यक्ष नवल खड्काले जानकारी दिनुभयो। "नेपाली फिल्ममा सफलता प्राप्त गरिरहनुभएका दुई निर्मातालाई जोड्न पाउँदा खुसी लागेको छ, हाम्रो उद्देश्य नै क्रियाशील निर्माताहरूको सङ्गठन बनाउनु हो", अध्यक्ष खड्काले भन्नुभयो, "हामी नेपाली फिल्मलाई प्रत्यक्ष रूपमा फाइदा दिनसक्ने योजना तयार गरिरहेका छौँ।"

अध्यक्ष खड्काका अनुसार सोही बैठकले सङ्घका उपाध्यक्ष उदय सुब्बालाई वरिष्ठ उपाध्यक्षमा पदोन्नति गर्ने निर्णय गरेको छ। योजनासहित सङ्घमा जोडिएको निर्माता बानियाँले बताउनुभयो। "हाम्रो पेसागत हकहितको संस्थामा केही गर्न सकिन्छ भनेर जोडिएका हौँ", निर्माता बानियाँले भन्नुभयो, "हाम्रो अनुभवले अहिले देखिएका निर्माताहरूको समस्या समाधान गर्न जुट्नेछौँ।" सङ्घले हालै सम्पन्न निर्वाचनमा प्यूठानबाट प्रदेशसभा सदस्यमा निर्वाचित फिल्म निर्माता रोज राणा र धादिङबाट प्रदेशसभामा निर्वाचित अर्का निर्माता मधुकुमार श्रेष्ठलाई बधाई ज्ञापनसमेत गरेको छ।रासस

# निर्वाचनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप मजबुत बनाएको छ : अध्यक्ष दाहाल

काठमाण्डु। नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली जनताको त्याग र बलिदानको बलमा प्राप्त वर्तमान संविधानको सफल कार्यान्वयनका लागि २०७९ को आवधिक निर्वाचनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको जगलाई थप मजबुत बनाएको बताउनुभएको छ।

उभौली पर्वका अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले हालै सम्पन्न निर्वाचनका निर्वाचित जनप्रतिनिधिलाई बधाई दिँदै दिगो, स्थिर र अग्रगामी समाज निर्माणका लागि एकताबद्ध भई अगाडि बढ्नसमेत आग्रह गर्नुभयो।

यस्तै अध्यक्ष दाहालले किराँत समुदायको उधौली तथा ज्यापू समुदायले मनाउने यमरी पुन्ही (ज्यापु दिवस) का अवसरमा दुवै समुदायलाई शुभकामना दिनुभएको छ।

यी पर्वले नेपालको सांस्कृतिक विविधतासँगै सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सद्भाव र सहिष्णुताको संरक्षण एवं प्रवर्द्धन गर्न मद्दत मिल्ने उहाँको विश्वास छ। रासस

# सुन चाँदीको मूल्य स्थिर

काठमाण्डु। सुनचाँदी बजारमा वुधवार छापावाल सुनको मूल्य अघिल्लो कारोबार दिनका तुलनामा स्थिर रही प्रतितोला रु ९९ हजार तीन सय तोकिएको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणअनुसार वुधवार तेजाबी सुनको मूल्य प्रतितोला रु ९८ हजार आठ सय छ।

यस्तो सुन अघिल्लो दिन सोही मूल्यमा कारोबार भएको थियो। त्यस्तै वुधवार चाँदीसमेत अघिल्लो कारोबार मूल्यका तुलनामा स्थिर रही रु एक हजार तीन सय ५० तोकिएको महासङ्घले जनाएको छ। महासङ्घले अन्तर्राष्ट्रिय बजारको सुन तथा चाँदीका कारोबार मूल्यका आधारमा यहाँ दैनिक मूल्य तोक्दै आएको छ।रासस

# सुर्य नेपाल काठमाडु ओपनको दोस्रो दिन पनि रबि शीर्षस्थानमा




**टुडे समाचारदाता**

काठमाण्डु। सुर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गत सिजनको पहिलो प्रतियोगिता सुर्य नेपाल काठमाडौं ओपनको दोस्रो दिन ४-अन्डर ६४ को स्कोर गर्दै समग्रमा १०-अन्डर १ सय २६ सहित शीर्षस्थानमा कायमै रहन सफल भएका छन्।

३६ होलको समाप्तीमा रबिले भुवन नगरकोटीलाई एक स्ट्रोकले पछि परेका छन्। लिडर रबिलाई दबाब दिएका भुवनले दोस्रो दिन रबिले जतिकै ४-अन्डर ६४ अंक जोड्दा समग्रमा ९-अन्डर १ सय २७ को स्कोरमा दोस्रो स्थानमा छन्।

लगातार दोश्रो दिन १-अन्डर ६७ खेल्दै समग्रमा २-अन्डर १ सय ३४ स्कोरका साथ रमेश अधिकारी तेस्रो स्थानमा उक्लिएका छन्। शुक्र बहादुर राई, प्रदीप कुमार लामा र राजेन्द्र श्रेष्ठ प्रधान समग्रमा इभन-पार १ सय ३६ को स्कोरमा संयुक्तरुपमा चौथो स्थानमा छन्। दाबेदार मानिएका शुक्रले खराब प्रदर्शन गर्ने क्रममा ३-ओभर ७१ मा दोस्रो दिनको खेल सकाए। प्रदीप र राजेन्द्रले समान २-अन्डर ६६ को स्कोर कार्ड तयार पारे।

यसैगरी समग्रमा १-ओभर १ सय ३७ सहित कृष्णमान राजबाहक सातौं तथा २-ओभर १ सय ३८ को नतिजामा सुर्य प्रसाद शर्मा र जयराम श्रेष्ठ संयुक्तरुपमा आठौं स्थानमा रहेका छन्।

रोयल नेपाल गल्फ क्लबमा भएको प्रतियोगिताको दोस्रो दिन पनि रबिले उत्कृष्ट प्रदर्शनलाई निरन्तरता दिए। पहिलो, तेस्रो, चौंथो र छैटौं होलमा बर्डी प्रहार गर्दा नवौं होलमा एक सट खेर फाले। चनले फ्रन्ट नाइन ३-अन्डर ३१ मा सकाए। यसपछि १४औं र १७औं होलमा एक-एक सट बचाए पनि १६औं होलको बोगीले ब्याक नाइन १-अन्डर ३३मा पुरा गरे।

भुवनले वुधवार बोगीरहित राउण्ड खेले। उनले फ्रन्ट नाइन ३-अन्डर ३१ मा सकाउने क्रममा दोस्रो, चौंथो र पाँचौ होलमा बर्डी प्रहार गरे। यसपछि १५औं होलको अर्को बर्डीले ब्याक नाइन १-अन्डर ३३ मा सकाए।

तेस्रो स्थानमा उक्लिएका रमेश अधिकारीले १-अन्डर ६७ को नतिजा निकाल्ने क्रममा फ्रन्ट नाइन १- अन्डर ३३ मा पुरा गरे। उनले पहिलो, तेस्रो, चौथो र नवौ होलमा बर्डी प्रहार गर्दा सातौ होलमा बोगी र पाँचौ होलमा डबल बोगीको सामना गरे। ब्याक नाइन इभन-पार ३४ मा सकाए। ११औं र १३औं होलमा एक-एक सट बचाए भने १५औं र १७औं होलमा एक-एक सट खेर फाले।रासस

# कमलामाई मन्दिरको उत्पत्तिस्थलको पर्यटन प्रवर्द्धनमा जोड

सिन्धुली। कमलामाई नगरपालिकाले कमलामाई मन्दिरको उत्पत्तिस्थल क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न उच्च प्राथमिकता दिने भएको छ।

प्रचार प्रसारको अभावले प्रख्यात मन्दिरको उद्गमस्थल ओझेलमा परेको जनाउँदै नगरपालिकाले पर्यटन प्रवर्द्धनमा जोड दिएको हो। गौमती र कमला खोलाको सङ्गमस्थल कनपा-५ मा कमलामाई मन्दिर अवस्थित छ। यसको उत्पत्तिस्थल कमलामाई नगरपालिका-८ माईशीर हो।

बिपी राजमार्ग निर्माणसँगै यातायातको सुविधा पुगेपछि माईस्थानमा रहेको मन्दिरमा चहलपहल बढेको भए पनि यसको उद्गमस्थलबारे कतिपय बेखबर छन्। यहाँ पनि मन्दिर बनाइएको छ। प्राकृतिक देवीदेवताहरूको शिला छन्। कमलामाई देवीले पानी पोख्नुभएको ठाउँबाट उम्रिएको पानी माईपोखरीमा जम्मा गरिएको छ। मन्दिर क्षेत्र पहाडले घेरिएको छ। चुरे क्षेत्रको सबैभन्दा अग्लो ठूलडाँडा यहीस्थल नजिक छ। ऐतिहासिक, धार्मिक, प्राकृतिक सुन्दरता मनोरम र रमणीय छ।

ऐतिहासिक धार्मिकस्थलको संरक्षणमात्र होइन विकास र प्रवर्द्धन गरेर आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने लक्ष्य रहेको नगरप्रमुख उपेन्द्रकुमार पोखरेलले बताउनुभयो। उहाँले भन्नुभयो, "यहाँसम्म आउने बाटो कालोपत्र हुने प्रक्रियामा छ। निर्माणाधीन धर्मशाला सम्पन्न गरेर वनभोजस्थल अझ व्यवस्थित बनाउँछौं, नमूना ठाउँ बनाएर यस क्षेत्रमा पर्यटक भित्र्याउने योजना छ।"

हिन्दू धर्मलम्बीहरूले अतिविश्वास गर्ने धार्मिकस्थलमा पर्दछ, कमलामाई मन्दिर। बिपी राजमार्ग निर्माणसँगै यातायातको सुविधा पुगेपछि माईस्थानमा रहेको मन्दिरमा नेपाल र भारतका भक्तजन दर्शनका लागि आउँछन्। तर मन्दिरको उत्पतिस्थल माईशीरमा धेरैजसो पुग्दैनन्। यहाँको सौन्दर्यता, ऐतिहासिकता र धार्मिकताका बारेमा प्रचार-प्रसार कमी भएको उहाँले सुनाउनुभयो।

नगरप्रमुख पोखरेलका अनुसार माईशीरमा हलुवावेद, जुनार, सुन्तला प्रशस्त पाइन्थ्यो। हलुवावेद लोप भए पनि अमिलो जातका फलफूल अझै पाइन्छ। माईशीर क्षेत्रमा जुनार, सुन्तला, कागतीलाई व्यावसायिक खेतीका रूपमा विस्तार गरी पर्यटकीयस्थलका रूपमा विकास गरिने नगरको लक्ष्य छ। यस क्षेत्रमा खानेपानी र सिँचाइको चरम समस्या भएकाले लिफ्ट खानेपानी योजनाअन्तर्गत समस्या समाधान गरिने र यहाँका नागरिकको जीवनस्तर उकास्ने उहाँको भनाइ छ।

"यस वर्ष प्रदेश सरकारको २५ लाखमा नगरबाट पैसा थपेर खानेपानी र सिँचाइको व्यवस्था गर्छौं। त्यसपछि फलफूलको नमूना ठाउँका रूपमा विकास गर्दै लैजान्छौं", उहाँले भन्नुभयो, "विकासका हिसाबले पिछडिएको तर परिवर्तनको सम्भावना प्रचुर भएको यस ठाउँलाई धार्मिकसँगै पर्यटकीय क्षेत्र बनाउने लक्ष्य छ।"

इतिहासकारका अनुसार श्री ३ चन्द्रशम्शेरको पालमा विसं १९६४ मा फौदसिंहले माईशीरमा मन्दिर स्थापना गर्नुभएको थियो। सन् १९७४ मा फौदसिंहका छोरा कीर्तिमान कर्णेलले आवतजावतमा समस्या भएकाले हाल मन्दिर रहेको स्थान माईस्थानमा मन्दिर निर्माण गर्न लगाउनुभएको स्थानीय ज्येष्ठ नागरिक बताउँछन्।

कमलमाई मन्दिर धार्मिक पर्यटकीयस्थलका रूपमा विकास हुँदै गएको स्थानीय कुमार मग्रातीले बताउनुभयो। शुद्ध मनले दर्शन गरेमा मनले चिताएको पुग्ने विश्वासले कमलामाई देवीको दर्शन गर्न आउने भक्तजनको सङ्ख्या बढ्दो छ।

"हिउँद मौसममा यस ऐतिहासिक तथा धार्मिकस्थलमा वनभोज खान आउनेको भीड हुन्छ। कहिले त वनभोज खान आउनेले बगर नै छपक्कै ढोकेका हुन्छन्", उहाँले भन्नुभयो। कमलामाई मन्दिरमा दर्शन गर्दा मनले चिताएको पूरा हुने, शान्ति छाउने जनविश्वास रहेको पुजारी चन्द्र दासले बताउनुभयो। उहाँले कमलामाई देवीको पवित्रस्थल शक्तिशाली भएको धारणा राख्नुभयो।

कमलामाई मन्दिरको उद्गमस्थल माईशीरमा भए पनि त्यसको ऐतिहासिक धार्मिकता माईस्थानमा जोडिएकाले दुवै स्थलमा सत्यता र उत्तिकै महत्व रहेको कमलामाई मन्दिरमा ४३ वर्षदेखि पुजारीका रूपमा रहनुभएका विष्णुप्रसाद कोइरालाले बताउनुभयो।

उहाँका अनुसार प्रत्येक वर्ष माघे सङ्क्रान्तिका दिन दुवै स्थलमा ठूलो मेला लाग्दै आएको छ। मेलामा नेपाल र भारतका भक्तजन उपस्थित बढी हुन्छन्। पहिला मन्दिरमा जाने झोलुङ्गे पुल नहुँदा बर्खायाममा भक्तजनको उपस्थित हुँदैन थियो।रासस

# उधौलीबाट मानव जीवन र प्रकृतिबीचको सम्बन्ध उजागर : राष्ट्रपति

काठमाण्डु। राष्ट्रपति विद्यादेवी भण्डारीले मौलिक चाडपर्वले सांस्कृतिक, जातीय र भाषिक विविधतालाई आपसमा गाँसेर सामाजिक सद्भाव अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभएको छ। उधौली पर्व, २०७९ का अवसरमा आज शुभकामना सन्देश दिँदै उहाँले विभिन्न जातजाति र समुदायको साझा फूलबारीको रूपमा रहेको नेपालमा उधौलीजस्ता चाडपर्वले नेपालीको साझा पहिचान कायम गर्नमा अहम् भूमिका निभाएको बताउनुभयो।

उधौली पर्वले मानव जीवन र प्रकृतिबीचको अन्योन्याश्रित सम्बन्धलाई उजागर गर्नसमेत सहयोग गरेको उल्लेख गर्दै राष्ट्रपतिले यसपर्वले विविधतायुक्त नेपाली समाजमा आपसी सद्भाव, सहिष्णुता र भ्रातृत्वको भावना अभिवृद्धि भई राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ। उहाँले प्रकृतिसँग तादात्म्यता कायम गरी जीवन निर्वाह गर्ने अभ्यस्त किराँत समुदायले जाडो मौसम सुरु भएपछि हरेक वर्ष मङ्सिर पूर्णिमाका दिनबाट सुरू भई १५ दिनसम्म विभिन्न क्रियाकलापका साथ उधौली पर्व मनाउने परम्परा रहेको सन्देशमा उल्लेख गर्नुभएको छ।

"किराँत समुदायका मूलतः राई, लिम्बू, याख्खा र सुनुवारले नयाँ अन्नबाली पितृलाई चढाइ पितृपूजा गर्नुका साथै राम्रो फसलको लागि भूमिप्रति आभार प्रकट गर्दै भित्र्याइएका अन्नबालीमा घुन-पुतली नलागोस् र सहबनोस् भन्ने कामनासहित भूमिको पूजा गर्ने गरिन्छ। उधौली पर्वको अवसरमा परम्परागत वेषभूषा लगाई सार्वजनिकस्थलमा भेला भएर सामूहिक रूपमा साकेला नृत्य गर्ने प्रचलनसमेत रहेको छ', राष्ट्रपतिद्वारा जारी सन्देशमा उल्लेख छ।

उधौली पर्वले जाडो मौसममा मानिस, जीवजन्तु तथा चराचुरुङ्गी लेकबाट बैंसीतिर बसाइँ सर्ने समय भएको सङ्केत गर्ने उल्लेख गर्दै उहाँले यस पर्वले प्रकृतिको सम्मान गर्दै सबै जातजातिबीच आपसी सद्भाव अभिवृद्धि गर्नुका साथै पारिवारिक, सामुदायिक र सामाजिक एकता कायम राख्न सहयोग गरेको बताउनुभएको छ। राष्ट्रपति भण्डारीले उधौलीको अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता। |
| बृष | : सुख समृद्धि हुने। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : अवसर प्राप्त। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : नयाँ कार्य हुने। |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : धन बृद्धि सञ्चय। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



चिसो बढेपछि जनकपुरधाममा सर्वसाधारणको चहल पहल घटेको छ। जनकपुरधामका सडकहरु साझ परेपछि सुनसान भएको छ। तस्विर : संजय

# शिक्षकले गरे छात्रा संग दुर्व्यवहार

**राकेश यादव**

गौर । रौतहट जिल्लाको यमुनामाई गाउँपालिका वड़ा नम्बर ४ मा रहेको जनता माध्यमिक विधालयको शिक्षकले नाबालिक छात्रा सित दुर्व्यवहार गरेको विषयमा स्थानीय र प्रहरी विच झड़प भएको छ।

विद्यालयको कक्षा ५ मा अध्यनरत नबालिका छात्रालाइ सही विद्यालयका शिक्षक बिरेन्द्र सिंहले दुर्व्यवहार गरेको भन्दै आक्रोशित अभिभावकहरुले शिक्षक सिंह माथि आक्रमण गर्न खोज्दा झड़प भएको हो।

नबालिकालाइ दुर्व्यवहार गर्ने शिक्षक मेथी अभिभावकहरुले आक्रोशित भएर कुरपित गर्न खोज्दा भीड़ नियंत्रण गर्नको लागि प्रहरीले २ राउण्ड आश्रु ग्यास प्रहार गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायव उपरीक्षक उमाशंकर यादवले



जानकारी दिएका छन।

स्थानियहरुले प्रहरी माथि गरेको ढुङ्गा प्रहारबाट प्रहरी नायव निरीक्षक , एक प्रहरी सहायक निरीक्षक सहित ५ जना प्रहरी सामान्य घाइते भएका हुन।

विद्यालय ज्ञानका मंदिर भनिए पनि गुरुको भूमिकामा रहेका शिक्षकले विधार्थी सित दुर्व् यवहार गर्नु निंदनीय रहेको भन्दै स्थानियहरुले शिक्षक सिंह माथि क़ानूनी कार्यवाही गर्न जोड़दार रुपमा मांग गरेका छन। महिला हिंसा विरुद्धको १६ दिने अभियान चलिरहेको समयमा छात्रा सित एउटा शिक्षकले गरेको दुर्व्यवहार महिला तथा बालबालिका प्रतीकों अन्याय रहेकोले कडा रुपमा क़ानूनी कार्यवाही गर्नु पर्ने महिला अधिकारकर्मीहरुको मांग रहेको छ।

घटनाको सम्बन्धमा थप अनुसन्धान भैरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# सिमरा कलेजलाई २० लाख सहयोग



**रञ्जन यादब**

बारा । सिमरा खानेपानी उपभोक्ता तथा सरसफाई समितिले सिमरा कलेजलाई २० लाख रकम प्रदान गरेको छ। कलेज सञ्चालन सहयोगार्थ सिमरा कलेजलाई २० लाख रुपैयाँ सहयोग गरेको सिमरा खानेपानी उपभोक्ता तथा सरसफाई समितिका अध्यक्ष कासिम हुसेनले जानकारी दिए।

रकम हस्तान्तरण गर्दै अध्यक्ष हुसेनले सामाजिक उत्तरदायित्व अन्तर्गत शैक्षिक विकासका निम्ति उक्त रकम उपलब्ध गराइएको बताए । सिमरा कलेजको अक्षयकोषमा जम्मा हुने गरी खानेपानीले बुधवार उक्त रकम उपलब्ध गराएको छ।

समितिका अध्यक्ष हुसेनले कार्यालयमा आयोजित एक कार्यक्रमकाबीच उक्त रकम कलेजका अध्यक्ष अच्युत सिटौलाई हस्तान्तरण गरे। कार्यक्रममा कलेका अध्यक्ष सिटौलाले शिक्षा क्षेत्रका लागि समितिले गरेको सहयोग अत्यन्तै प्रशंसायोग्य रहेको बताए।

सिमरा कलेजका प्रमुख शालिकराम अधिकारीले समितिबाट प्राप्त सहयोगले कलेज सञ्चालनका लागि ठूलो सहयोग पुग्नेबताए।सिमराकलेजकाअध्यक्ष सिटौलाले सिमरा खानेपानी उपभोक्ता तथा सरसफाई समितिका अध्यक्ष हुसेनलाई मायाको चिनो प्रदान गरेका थिए।

# रासायनिक मलको माग उच्च, आधा मात्रै मौज्दात

विराटनगर । तोरी र गहुँ खेतीको लागि चाहिने रासायनिक मलको अभाव भएको छ । किसानको मागअनुसार रासायनिक मल परिपूर्ति हुन नसक्दा पूर्वीका किसानलाई मलको अभाव भएको हो।

विराटनगरस्थित कृषि सामग्री कम्पनी लिमिटेडको प्रादेशिक कार्यालयका अनुसार भण्डार रहेको मलको भन्दा दोब्बर माग रहेको छ। गहुँ छर्ने बेलमा डिएपी र युरिया मल लिन किसान भौतारिनुपर्ने अवस्था छ। प्रादेशिक कार्यालयमा हाल युरिया तीन हजार सात सय ७२ दशमलव छ सय ५० मेट्रिक टन र डिएपी पाँच हजार नौ सय ४१ दशमलव छ सय ५० मेट्रिक टन मौज्दात छ।

प्रादेशिक कार्यालयमा उपलब्ध मल किसानको मागभन्दा आधा भएको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय विराटनगरका कायममुकायम प्रबन्धक नरेशकुमार सापकोटाले बताउनुभयो। केन्द्रीय कार्यालयले आयात गरेको मलको २१ दशमलव पाँच प्रतिशत मात्र प्रादेशिक कार्यालय रासायनिक मल उपलब्ध गराउँदै आएको छ। प्रदेश नं १ मा ४० हजार मेट्रिक टन रासायनिक मलको बर्सेनि माग रहेको बताइएको छ। मल आपूर्ति तथा व्यवस्थापन समितिले निर्धारण गरेको कोटाअनुसार कार्यालयले स्थानीय तहको सिफारिसमा सहकारी संस्थामार्फत बिक्री गरिँदै आएको छ।

धान रोपाइँका बेला मल नपाएका किसानले हिउँदे तरकारीलगायत तोरी र गहुँमा राख्नसमेत पाएका छैनन् । स्थानीय तहको सिफारिसअनुसार सहकारीमार्फत पाउनुपर्ने मल पनि साना किसान पाउन सकेका छैन । कृषि सामग्री कम्पनी लिमिटेडमार्फत मल वितरण गर्दै आएका कार्यालय तथा सहकारी संस्थामा बिहानैदेखि दौडधुप गर्दासमेत मल नपाएको देवानगञ्जका दरोली मेहताले बताउनुभयो । "अहिले गहुँका लागि मल दिनुपर्ने हो, कतै पाएनौँ', उहाँले भन्नुभयो, "मल बिना गहुँ र उखुसहित तरकारी खेती गर्दा फल्दैन।'

> ***प्रादेशिक कार्यालयमा उपलब्ध मल किसानको मागभन्दा आधा भएको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय विराटनगरका कायममुकायम प्रबन्धक नरेशकुमार सापकोटाले बताउनुभयो। केन्द्रीय कार्यालयले आयात गरेको मलको २१ दशमलव पाँच प्रतिशत मात्र प्रादेशिक कार्यालय रासायनिक मल उपलब्ध गराउँदै आएको छ। प्रदेश नं १ मा ४० हजार मेट्रिक टन रासायनिक मलको बर्सेनि माग रहेको बताइएको छ।***

मल किन्न कृषि सामग्री कम्पनी लिमिटेडमा आएका किसानहरू खाली हात फर्किरहेका छन् । भारतको सीमावर्ती क्षेत्रमा समेत मल पाइएको उनीहरूको गुनासो छ । विगतको तथ्याङ्कअनुसार प्रदेश नं १ मा गहुँ हिउँदे बालीको लागि रासायनिक मल डिएपी १५ हजार मेट्रिक टन, युरिया ३० मेट्रिक टन र पोटास सात सय मेट्रिक आवश्यक पर्छ।

विराटनगरको कृषि सामग्री लिमिटेडले प्रदेश नं १ सहित मधेस प्रदेशका सप्तरी र सिरहा जिल्लामा पठाउने गरेको छ। प्रदेश नं १ का इलाम, बिर्तामोड, सुनसरीको इटहरी, धनकुटा, गाईघाट, विराटनगरसहित मधेश प्रदेशका राजविराज, लहानसहित आठ स्थानमा रहेको कम्पनीको कार्यालयले एक सय ७० वटा सहकारीमार्फत रासायनिक मल किसानलाई बिक्री वितरण गरिँदै आएको छ । पछिल्लो समय कोरोना महामारीका कारण रासायनिक मल उत्पादनमा कमी आएको र अन्तर्राष्ट्रिय मूल्य तीन सय प्रतिशत बढेकाले नेपाल सरकारले मल नल्याउँदा अभाव हुँदै आएको छ।

गत वर्ष पनि हिउँदे बाली लगाउने समयमा कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसनले पर्याप्त मल आयात गर्न नसक्दा पूर्वमा मल अभाव भएको थियो।

'सिजन'का बालीमा चाहिने डिएपी मल अभाव हुँदा कृषक मर्कामा पर्दै आएका छन् । नेपालमा मल अभाव हुँदा किसानले भारतीय कमसल मल प्रयोग गर्दा उत्पादनमा समेत ह्रास आउने गरेको कृषक बताउँछन् । सरकारले २०५५ सालदेखि किसानलाई मलमा अनुदान दिँदै आएको छ। यस पटक भारतमा समेत मलको अभाव भएको छ।रासस

# 'सार्वभौम संसद्को क्षेत्राधिकारमाथि हस्तक्षेप भयो'

काठमाण्डु । नेपाल बार एसोसिएसनले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाको निलम्बन पत्रलाई निष्प्रभावी बनाएर सार्वभौम संसद् को क्षेत्राधिकारमाथि हस्तक्षेप गरिएको निष्कर्ष निकालेको छ। बारका अध्यक्ष गोपालकृष्ण घिमिरे र महासचिव अन्जिता खनालले सार्वजनिक गर्नुभएको प्रेस विज्ञप्तिमा शून्यप्रभावित पत्र कार्यान्वयन नगर्न बारसम्बद्ध निकायको ध्यानाकर्षणसमेथ गराउनुभएको छ।

बारले विगतमा एक सय नौ दिनसम्म न्यायपालिकाको समग्र सुधार, शुद्धीकरण र सुदृढीकरणका लागि प्रधान न्यायाधीश जबराको राजीनामा समेतको राखी निरन्तर आन्दोलनमा रहेको थियो । विज्ञप्तिमा भनिएको छ, "सार्वभौम संसद्मा निर्णयार्थ पेश गर्ने गरी गरेको निर्णयलाई चुनौती दिँदै अविछिन्न उत्तराधिकारवाला सार्वभौम संसद् को मूल्य-मान्यताविपरीत आफ्नो पदीय हैसियतको ख्याल नगरी एक कर्मचारीबाट सार्वभौम संसद् को क्षेत्राधिकारमाथि हस्तक्षेप गरी निलम्बित प्रधान न्यायाधीश चोलेन्द्र शमशेर राणाको निलम्बनको पत्रलाई निष्प्रभावी भएको निष्कर्ष निकाल्दै पत्राचार भएको विषयमा यस एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ।'रासस

# बढ्दो जनसङ्ख्यालाई स्वच्छ पानी पुऱ्याउन चुनौती

काठमाण्डु । बढ्दो जनसङ्ख्यालाई पर्याप्त स्वच्छ पानी, ऊर्जा र खाद्यान्न पुऱ्याउने काम चुनौतीपूर्ण रहेको यस क्षेत्रका विज्ञहरूले बताउनुभएको छ।

मङ्गलबारदेखि यहाँ आरम्भ भएको पानी, ऊर्जा र खाद्यान्न अन्तरसम्बन्ध विषयक दुई दिने कार्यशालाका वक्ता तथा प्रस्तोता विज्ञहरूले सो कुरा बताउनुभएको हो । खानेपानी सचिव मणिराम गेलालले कार्यशालाको उद्घाटन गर्दै बढ्दो सहरीकरण र जनसङ्ख्याको वृद्धिले संसारभर खानेपानी, ऊर्जा र खाद्यान्नको माग बढिरहेको छ भन्नुभयो।

कार्यक्रममा पूर्वमन्त्री गणेश साहले पानीको स्रोतहरूको संरक्षण, आकाशे पानीको सदुपयोग , नवीकरणीय ऊर्जाको उपयोग , थोरै पानीको प्रयोग गरी बढी अन्न उब्जाउने प्रविधि विकास गरेर यो क्षेत्रमा देखिएका चुनौतीको समाधान गर्न सकिने सुझाव दिनुभयो।

पूर्वसचिव सुमनप्रसाद शर्माले बढ्दो जनसङ्ख्यालाई स्वच्छ खानेपानी, पर्याप्त स्वच्छ ऊर्जा र पोषणयुक्त खाद्यान्न पुऱ्याउन सम्बन्धीत पक्ष गम्भीर हुनुपर्छ भन्नुभयो।

स्मार्ट वास सोलुसन्सका अध्यक्ष रामदीप साहले बढ्दो सहरी जनसङ्ख्याका लागि स्वच्छ खानेपानी, स्वच्छ ऊर्जा र पर्याप्त पोषिलो खाद्यान्न कसरी पुऱ्याउन सकिन्छ भनेर विकसित देशको अनुभव लिन कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो।

एसियन वाटर काउन्सिल र के वाटरका जे डब्ल्यु लीले कोरिया वाटर (के वाटर)ले कसरी काम गरिरहेको छ भन्ने विषयमा प्रस्तुति दिनुभएको थियो।

विज्ञ डा उनहर शिनले पानी ऊर्जा र खाद्यान्नको अन्तरसम्बन्ध, सहरी खानेपानी व्यवस्थापन, खानेपानीको चुहावट नियन्त्रण, दिगो विकास अनुरुपको व्यवस्थापन शैलीको बारेमा प्रकाश पार्नुभएको थियो।

काठमाडौँ विश्वविद्यालयका प्रा डा बिम श्रेष्ठले पानी ऊर्जा र खाद्यान्न अन्तरसम्बन्ध विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा मधुसुदन अधिकारीले नवीकरणीय ऊर्जा प्रविधिमार्फत नेपालमा खानेपानी, ऊर्जा र खाद्यान्न सुरक्षामा गरिएका योगदानबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।रासस

# लैङ्गिक संवेदनशील समाचार सङ्कलनसम्बन्धी तालिम सम्पन्न

काठमाण्डु । प्रेस काउन्सिल नेपालको आयोजना तथा संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) को सहयोगमा लैङ्गिक संवेदनशील समाचार सङ्कलनसम्बन्धी दुईदिने तालिम काठमाडौँमा सम्पन्न भएको छ । तालिममा विभिन्न पाँच वटा कार्यपत्र प्रस्तुत गरिएका थिए।

सञ्चारिक समूहका निर्वतमान अध्यक्ष नितु पण्डित, काउन्सिलका सदस्य दुर्गा भण्डारी पौडेल, कान्तिपुर दैनिकका सम्पादक उमेश चौहान, विज्ञ डा समीक्षा कोइराला र प्रेस काउन्सिलका उपप्रशासकीय अधिकृत रामशरण बोहराले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा लैङ्गिक विषयमा कलम चलाउने ३० भन्दा बढी सक्रिय पत्रकारको सहभागिता रहेको थियो।

कार्यक्रमको उद्घाटन सत्रमा काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले काउन्सिलले महिला उत्तरदायी निर्देशिका बनाइसकेको र त्यसमा थप गर्नुपर्ने विषयमा राय लिन तालिम आयोजना गरिएको बताउनुभयो। नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले लैङ्गिक संवेदनशीलता बोध भएपछि मात्र त्यसलाई व्यवहारमा उतार्न सकिने बताउनुभयो। उहाँले सबै पक्ष मिलेर मात्र लैङ्गिक हिंसाविरुद्धको अभियान सफल पार्न सकिने धारणा राख्नुभयो।

महासङ्घका पूर्वअध्यक्ष तारानाथ दाहाल, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्का, महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश विष्ट, काउन्सिलका सदस्य दुर्गा भण्डारी पौडेलले तालिमले लैङ्गिक संवेदनशील समाचार सङ्कलनमा स्पष्ट मार्गदर्शन दिन सक्ने विश्वास व्यक्त गर्दै विद्यमान लैङ्गिक निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्ने बताउनुभयो।रासस

# त्रिवि दीक्षान्त समारोहमा १० हजार विद्यार्थी दीक्षित हुँदै

काठमाण्डु । त्रिभुवन विश्वविद्यालयको ४८औँ दीक्षान्त समारोह आगामी शुक्रबार (यही मङ्सिर २३) गते हुनेभएको छ। दीक्षान्त समारोह ललितपुरस्थित पुल्चोक क्याम्पसको खेल मैदानमा हुने भएको हो।

दीक्षान्त मूलसमारोह समितिका सदस्यसचिव साधुराम अर्यालका अनुसार समारोहमा १० हजार तीन सय ९२ विद्यार्थी दीक्षित हुँदै छन् । विसं २०७८ असार १ गतेदेखि २०७९ जेठ मसान्तभित्रसम्म ट्रान्सक्रिप्ट लिएका विद्यार्थी दीक्षान्त समारोहमा भाग लिन पाउने छन्।

उहाँले उक्त समयावधिमा ७० हजार विद्यार्थीले ट्रान्सक्रिप्ट लिए पनि सहभागीका लागि १० हजार तीन सय ९२ जनाले मात्र आवेदन दिएको बताउनुभयो । उहाँका अनुसार स्नातक तहतर्फ छ हजार छ सय ९१, स्नातकोत्तरतर्फ तीन हजार पाँच ४९, एमफिल ५५ र विद्यावारीधितर्फ ९७ जना दीक्षित हुँदैछन्। समारोहमा दीक्षित हुने विद्यार्थीका एक जना अभिभावक सहभागी हुने छन्।

स्नातकतर्फ रु तीन हजार सात सय, स्नातकोत्तर तह र एमफिलमा दुवैमा रु चार हजार दुई सय तथा विद्यावारीधिमा रु चार हजार सात सय शुल्क लाग्ने छ। समारोहमा त्रिविका कुलपति तथा प्रधानमन्त्री शेरबहादुर देउवा, सहकुलपति तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल लगायतको सहभागिता रहने छ।

समारोह समितिका सदस्य सचिव साधुराम अर्यालले समारोहको प्रमुख अतिथिका रूपमा भारतको सेन्ट्रल युनिभर सिटी अफ पञ्जावका पूर्व उपकुलपति राघवेन्द्र पी तिवारीलाई बोलाइएको जानकारी दिनुभयो। एमफिल, विद्यावारीधि र सर्वोकृष्ट अङ्क ल्याउनेलाई पदक वितरण गरिने छ । त्रिविले समारोहमा दीक्षित हुने विद्यार्थीलाई यही मङ्सिर १५ देखि २२ गतेसम्म गाउन/स्कार्फ वितरण गरिरहेको छ।

समारोहमा छात्रले आफूखुसी पोसाकमा कोट, पाइन्ट, टाई र भादगाउँले टोपीसहित त्रिविले उपलब्ध गराएको गाउन/स्कार्फ टोपी तथा छात्राले औपचारिक पोसाक वा साडी, ब्लाउज र त्रिविले उपलब्ध गराएको गाउन/स्कार्फ टोपी लगाउनुपर्ने हुन्छ। त्रिविले हरेक वर्ष दीक्षान्त समारोह गर्दै आइरहेको छ।रासस

# विद्यालय शिक्षाका लागि पाँच अर्ब बढी सहायता स्वीकार


काठमाण्डु। सरकारले विद्यालय शिक्षा क्षेत्र आयोजनाका लागि फिनल्याण्ड र नर्वे सरकारबाट प्राप्त हुने पाँच अर्ब ११ करोड अनुदान स्वीकार्ने भएको छ । सो अनुदानमध्ये फिनल्यान्ड सरकारबाट करिब रु दुई अर्ब ५४ करोड र नर्वे सरकारबाट करिब रु दुई अर्ब ५७ करोड प्राप्त हुनेछ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार मङ्गलबारको मन्त्रिपरिषद्को बैठकले पोलियो भाइरस खोपको क्लिनिकल ट्रायलका लागि अनुमति दिने निर्णय गरेको छ। नगद लेखाप्रणालीमा आधारित वित्तीय प्रतिवेदनका लागि संशोधित नेपाल सार्वजनिक क्षेत्र लेखामान नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा कार्यान्वयनमा ल्याउन स्वीकृत प्रदान गर्ने निर्णय गरेको छ।

बैठकले कर्मचारी सञ्चय कोषको प्रशासकमा जितेन्द्र धिताल (गोरखा)लाई नियुक्त गर्ने निर्णय गरेको छ । नेपाल सरकारद्वारा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आज आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक हितका लागि आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने सूचना राजपत्रमा प्रकाशन गर्ने निर्णय भएको जानकारी दिइयो । सरकारले किमाथाङ्का अरुण जलविद्युत्, धौवादी-मेघौली १३२ केभी प्रसारण आयोजना, लेखनाथ-दमौली २२० केभी प्रसारण आयोजना र मर्स्याङ्दी जलविद्युत् केन्द्रका लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही अघि चलाउने अधिकारी तोक्नेसमेत निर्णय गरेको छ।

बैठकले सेती नदी जलविद्युत् आयोजना, तनहुँ जलविद्युत् आयोजनाको २२० केभी प्रसारण लाइन, टक्सार पिखुवा खोला जलविद्युत् आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने निर्णय गरेको छ। यसैगरी दूध पोखरी चेपे, माथिल्लो आँखुखोला, मेवा खोला, सुपर चेपे जलविद्युत् आयोजना तथा जलपादेवी केवलकार आयोजनाका लागि राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्न दिने निर्णय भएको छ।

सरकारले सिङ्गापुरमा हुने १७औँ एसिया तथा प्रशान्त क्षेत्रीय बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालको नेतृत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृत दिएको छ । बैठकले तारागाउँ विकास समितिसम्बन्धी नियमावली बनाउन तथा लुम्बिनी विकास कोषको कर्मचारी सेवा, शर्त तथा सुविधासम्बन्धी नियमावलीलाई स्वीकृति दिएको छ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कालोधन निकाल्न नोट बन्दी

नेपालमा कालोधनको सञ्चिति बढ्दै गएकोले बैंक र बजारमा मुद्राको अभाव भएको देखिन्छ। नेपालको अर्थव्यवस्था कमजोर हुँदै जानुको मुख्य कारण कालोधनको सञ्चिति बढ्नु हो । नेपालमा कालोधन भएकाहरुको संख्या पनि कम्ती छैन् । बैंकमा तरलता अभावको कारण ब्याज दर अप्रत्याशित रुपमा बढाउन थालिएकोछ । बैंकको चर्को ब्याजदरलाई घटाउन उद्योगी, व्यवसायीहरु सडकमा उत्रेका छन् । हुनत बैंकहरुले ब्याज दर बढाउनुको कुनै कारण छैन् । बैंकहरुको वार्षिक मुनाफा अपत्यारिलो किसिमले बढेको छ । गाउँघरमा ऋण प्रवाह गरी वार्षिक मुनाफा आर्जन गर्ने साहुकारको हाराहारीमा बैंक पुग्न थालेको छ । बैंकको प्राथमिकतामा अत्यधिक मुनाफा परेकोछ । बैंकले सावाँ र ब्याज तिर्न उद्योगी, व्यवसायीहरुमाथि चर्को दबाब बनाउन थालेका छन् । बैंकको दबाब खप्न नसकेर व्यवसायीहरु आत्महत्या गर्न बाध्य भएको बताइन्छ । बजारमा मुद्राको अभावलाई हटाएर अर्थव्यवस्थालाई सबल बनाउन देशमा 'नोट बन्दी' जस्तो अप्रिय निर्णय सरकारले लिनुपर्ने सुझाव अर्थविद्हरुले दिन थालेका छन् । नेपाल राष्ट्र बैंकका अधिकारीहरुले १ हजार र ५ सय दरको नोटको एउटा सिरिजलाई बन्द गर्दा पनि घरमा लुकाइएको नोट बाहिर आउनेछ । छिमेकी मुलुक भारतमा पनि अवैध रुपमा आर्जन गरी लुकाइएको मुद्रा निकाल्न सरकारले २०१६ साल नोभेम्बर महिनामा 'नोट बन्दी' गरेको थियो । त्यसबाट केही महिना जनजीवन अत्यन्त कष्टकर बनेको थियो । तर त्यसले बैंकिंग प्रणालीमा धेरै मानिसलाई आबद्ध गराएर डिजिटल बैंकिंगबाट कारोबार गर्न बाध्य बनाए । 'कैशलेस' कारोबारलाई प्रोत्साह नगर्न पनि बैंकिंग प्रणालीमा आमनागरिकलाई जोड्नु आवश्यक छ । हाल चलनचल्तीमा रहेको १ हजार र ५ सय दरको नोटलाई बन्द गर्दा पनि अवैध धन्धाबाट कालोधन आर्जन गरी मुद्रा सञ्चित गर्नेमा समेत कमी आउन सक्छ । देशमा अर्थविद्हरुले बहस गर्नुपर्ने बेला आइसकेको छ । भ्रष्टाचार लगायतका अवैध गतिविधिहरुबाट आउने रकम नगदमा हुने गरेको देखिन्छ । त्यसमा ठूलो नोटको प्रयोग बढी नै हुने गरेको छ । भारतमा हाल चलनचल्तीमा रहेको २ हजार दरको नोट अवैध रुपमा सञ्चित गरिएको अवस्थामा जाँच अधिकारीहरुले फेला पार्ने गरेका छन् । ठूलो दरको नोटलाई लुकाउन सहज हुने भएको जाँचको क्रममा देखिएकोछ । नेपालमा अवैध ढंगले भइरहेको मुद्रा सञ्चितिलाई रोक्न सरकारले समयमै ठोस निर्णय लिन आवश्यक छ । बैंकको बढ्दो ब्याजदरलाई नियन्त्रण र तरलताको समस्या हटाउन समयमै सरकारले निर्णय लिन नसके चर्को ब्याजदरले कयौंको ज्यान लिन सक्छ ।जग्गाको प्लटिंग, कित्ताकाट मात्र समस्याको समाधान होइन् ।सरकारले अर्थविद्हरुसित छलफल गरी सबै समस्याको पहिचान र त्यसको निदानका लागि समयमै निर्णयमा पुग्नुपर्छ । कालोधनलाई निकाल्न 'नोट बन्दी' पनि एउटा प्रभावकारी माध्यम देखिएको छ ।

# आजको दरकार : नेपाली कांग्रेसकै नेतृत्वमा गठबन्धन सरकार



डा. रामसागर पंडित

अहिले निर्वाचनको परिणामलाई हेर्दा गठबन्धनकै सरकार बन्ने प्रबल सम्भावना देखिन्छ । विगतका गठबन्धनबाट अहिले जनता समाजवादी पार्टी एमालेसँगको गठबन्धनमा सामेल भएको छ । अहिले राजपाको सट्टा लोकतान्त्रिक समाजवादी पार्टी यस गठबन्धनमा समाबेस हुन आएको छ । उनीहरू ओलीको क्रियाकलापबाट यति प्रतारित थिए कि नेकपा (एमाले) का केही शीर्ष नेताहरू लगायत अन्य नेताहरूसमेत पार्टी छोड्न बाध्य भएका थिए । पार्टी छोडेपछि उनीहरू क. माधव नेपालको नेतृत्वमा नेकपा (एस) नयाँ पार्टी समेत खोल्न पुगे । ओलीको प्रतिनिधि सभामा रहेका लगभग दुईतिहाइ बहुमतमा ग्रहण लाग्न थाल्यो । यी शीर्ष नेताहरू क्रमश शेरबहादुर देउवा, पुष्पकमल दहाल, माधवकुमार नेपाल, उपेन्द्र यादव र चित्रबहादुर केसीले पटक-पटक जनतालाई आश्वास्त बनाएका थिए कि हामी २०७९ को स्थानीय निर्वाचनसम्म मात्र होइनौं यसै साल भित्रै हुने आम चुनावमा समेत गठबन्धन बनाएर नै निर्वाचनमा भाग लिनेछौं । जबसम्म लोकतन्त्रमाथि खतरा देखिन्छ, तबसम्म हामी गठबन्धनलाई नै निरन्तरता दिएर एकजुट भइ लडिरहने छौं । अब यहाँ प्रश्न उठ्छ के अब ओलीबाट संविधान तथा लोकतन्त्रमाथि कुनै खतरा छैन त ! यदि छ भने आफूले जनतालाई दिएको बचनबद्धतालाई पालन गर्नु नै नैतिकता देखिन्छ । हिज्जो देउवाको नेतृत्वमा बनेको सरकारलाई कहिले पनि ओलीले आत्माले स्वीकार गरेका थिएनन् । जहिले पनि वहाँ के भन्नु हुन्थ्यो भने यो सरकार त परमादेशको सरकार हो, जनादेशको होइन । यसबारे उहाँलाई धेरै जबाब भेटि सकेका हुनाले यसबारे बढी चर्चा हुनु भनेको निरर्थक समय फाल्नु हो ।

२०७९ आमनिर्वाचनको परिणामलाई हेर्दा कुनै एउटा पार्टीको बहुमत आएको देखिँदैन । जनताको आदेशलाई स्वीकार्ने हो भने पाँच दलीय गठबन्धनलाई नै सरकार निर्माण गर्न जनादेश दिएको देखिन्छ । त्यसैले गठबन्धनका सबै शीर्ष नेताहरू छलफलबाट एउटा स्तरीय सरकार निर्माणमा लाग्नु आजको पहिलो कर्तव्य हुन आउँछ । राजनीतिमा कुन बेला कसको भाग्य खुल्छ ठेगान हुँदैन । शेरबहादुर देउवा एउटा अनुभवी नेता भएकाले अहिले सरकार वहाँकै नेतृत्वमा दिनु सबैभन्दा राम्रो बिकल्प हुनसक्छ, जस्तो लाग्छ । हुनत नेपाली काँग्रेस भित्रै पनि प्रधानमन्त्रीका कैयौं उम्मेदवार छन् । उनीहरू आफ्ना इच्छा समेत जाहेर गरिसकेका छन् । यस दौडमा खासगरी रामचन्द्र पौडेल, शेखर कोइराला, गगन थापा रहेका छन् । काँग्रेस बाहेकका दलहरूमध्ये नेकपा (माके) का अध्यक्ष पुष्पकमल दाहालसमेत प्रधानमन्त्रीमा जाने इच्छा जाहेर गरिसकेका छन् । पार्टीभित्र र बाहिर कसरी मिलाएर लैजाने कुरा छलफलबाट टुंगो लगाइ अगाडि बढ्नु सबैभन्दा उत्तम बाटो देखिन्छ । जहाँसम्म सिट प्राप्तिको कुरो छ । त्यसमा पाँच दलीय गठबन्धनको बहुमत सजिलै पुग्ने देखिन्छ । अहिले पनि नेकपा एमालेका अध्यक्ष तिक्रम गर्न पछि परेका छैनन् । निर्वाचनका सबै परिणाम घोषणा नहुँदै पुष्पकमल दाहाल प्रचण्डलाई फोन गरी ललाउन/फकाउन फोन मार्फत शुरू गरिसकेका छन्, त्यतिकैमा बिस्तारै पाँच दलीय पार्टीहरूका अवस्था सुधर्दै आएको देख्दा पछि हटेको देखिन्छ । यस्ता धुर्त नेतामाथि कहिले पनि विश्वास गर्नु हुँदैन । मौका परेपछि जससँग पनि नजिक आउने र अबसर पाइ सकेपछि लात हान्न पनि बेर नलाग्ने रहेछ ।

अब निर्वाचनले दिएको मतपरिणामतिर फर्केर हेर्दा सबैभन्दा ठूलो पार्टी नेपाली काँग्रेस बनेको देखिन्छ । यस पार्टीले प्रत्यक्षतर्फ ५७ सिटमा जित हात पारेको छ भन्ने नेकपा (माके) ले १८ सिट जितेको छ । नेकपा (एस) ले १०, लोसपाले ४, राष्ट्रिय जनमोर्चा नेपालले १ सिटमा जित हासिल गरिसकेका छन् । यसरी गठबन्धनमा सबै पार्टीहरूका सिटलाई एक ठाउँमा ल्याउँदा प्रत्यक्षतर्फ जम्मा ९० सिट जित हासिल गरेका छन् । समानुपातिक संख्यालाई मिलाउँदा १३६ पुग्ने अनुमान छ । सरकार बनाउन २ सिटको कमी देखिन्छ । जनमत पार्टीलाई सरकारमा सामेल गराउँदा सरकार निर्माणका लागि सामान्य बहुमत सहजै पुग्ने देखिन्छ । यसपछि बाँटफाँटको बखेरा कम झन्झटिलो छैन । प्रधानमन्त्रीको बखेरा मात्रै छैन, मन्त्री चयन गर्ने समस्या कम सानो छैन । सबैका सबैले मन्त्री बन्न आफ्ना इच्छा राखेका हुन्छन् । यी सबै कुरालाई समेटेर अगाडि बढ्नु कम चुनौती छैन । तर जे जस्तो चुनौती भए पनि जनताले दिएको आदेशलाई शिरोधार्य गरि आफैभित्र सामान्य लोभमा नपरी मन्त्रिमण्डल निर्माणतिर गठबन्धनका नेताहरूको ध्यान जानु पर्छ । आज दिएको मत नै स्थिर रूपमा रहिरहन्छ भने कहीं कतै सिद्ध भएको छैन । राजनीतिमा सधैं उलटफेर भइरहन्छ । एउटै पार्टीको बहुमत आएको भए यत्रो गृहकार्य गर्ने आवश्यकता नै थिएन । जनता सर्बोपरि हुन्छन् । जनता सबैको मूल्याङ्कन गरिरहेका हुन्छन् । गठबन्धनले बुझ्नु पर्छ भने आज दिएको बहुमत भोलि राम्रो काम गर्दै गयो भने एउटै पार्टीको बहुमत पुग्न बेर लाग्दैन । हिजो ओली सरकारलाई दिएको बहुमतलाई सदुपयोग गर्नु पर्दथ्यो । तर दुरूपयोग गरेका कारणले आजको यस्तो अबस्था आइ परेको छ । यसबारे हेक्का राख्नु सबैको बुद्धिमानी हुनेछन् होइन भने यसभन्दा पनि बदर हालत आउन बेर लाग्दैन । २०७९ आम चुनावको परिणाम यस प्रकार छन् :

| दल संख्या | ने.काँ. | नेकपा (एमाले) | नेकपा (माके) | रास्वपा | राप्रपा | जसपा | जनमत | नेकपा (एस) | नाउपा. | लोसपा | राजने | नमकिपा | स्वतन्त्र | कुल संख्या | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रत्यक्ष सिट | ५७ | ४४ | १८ | ७ | ७ | ७ | १ | १० | ३ | ४ | १ | १ | ५ | १६५ | |
| समानुपातिक सिट | ३२ | ३४ | १४ | १३ | ७ | ५ | ५ | - | - | - | - | - | - | ११० | सम्भावित सिट |
| कुल | ८९ | ७८ | ३२ | २० | १४ | १२ | ६ | १० | ३ | ४ | १ | १ | ५ | २७५ | |

२०७९ आम निर्वाचनको परिणामले असन्तुष्टिको कुरो छ । त्यसको लेखाजोखा गर्नु पनि नितान्त जरुरी छ । परिणामलाई लिएर कसैमा पनि असन्तुष्टि आउनु हुँदैन । एक ठाउँमा बसेर के कसो छ आ-आफ्ना असन्तुष्टि पोखेर बास्तविक स्थिति पत्ता लगाएर समाधानतिर लाग्नु नै यसको सबैभन्दा उत्तम उपाय हुनसक्छ । सिट बाँटफाँटमा पाएका सिटमा नेपाली काँग्रेस पार्टी ६३ प्रतिशत, नेकपा (माके) ४० प्रतिशत, नेकपा (एस) ५० प्रतिशत लोसपा ५७ प्रतिशत, राजमो, नेपालले ५० प्रतिशत सिटमा विजय हासिल गरेका छन् । स्मरण रहोस बाँटफाँटमा नेपाली काँग्रेसले ९१, नेकपा (माके) ले ४३, नेकपा (एस) २०, लोसपाले ७ र राजमोले २ सिटमा उम्मेदवारी दिएका थिए र २ सिटमा मित्रवत प्रतिस्पर्धामा जाने निर्णय भएको थियो । यसमा अलिकति क्षति नेकपा (माके) लाई परेको देखिन्छ । काँग्रेस र लोसपाले केही बढी प्रतिशत सिट पाएको छ । निर्वाचनको गणितीय परिणामलाई अनुमान गर्न निकै कठिनाइ हुन्छ । त्यसैले निर्वाचनमा अलिकति घटीबढी हुनुलाई स्वभाविक प्रक्रियाभित्र लिने गरिन्छ । देशमा अहिले पनि अग्रगामी तथा प्रतिगामी बीचको लडाइ सकेको छैन, बरु यस निर्वाचनबाट उनीहरू केही बलियो भएर नै आएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत केही अन्य पार्टीहरू जो यस संविधानलाई मान्दैनन् उनीहरूका सिट बृद्धिहुनु पक्कै सोचनीय अवस्था भएको छ । अर्कोतिर नेकपा (एमाले) जो आफूलाई सबैभन्दा ठूलो पार्टीको घमण्ड प्रदर्शन गरिरहेको थियो, उ आज दोस्रो स्थानमा आएर अडेको देखिन्छ । गठबन्धनका लागि राजनीतिक रूपले एउटा ठूलै उपलब्धि देखिन्छ । हिज्जोसम्म ओलीले परमादेशको रट लगाएर यस सरकारलाई जनादेश छैन भने कुरालाई जनताले दिएका मतबाट नै प्रमाणित भएको छ कि यो गठबन्धनको सरकार जहिले पनि जनादेशकै सरकार थियो । जसलाई परमादेश र जनादेश शब्दको ज्ञान छैन, त्यसलाई जति बुझाएपनि बुझ्न अप्ठयारो भइरहन्छ ।

रह्यो २०७२ को चुनावी परिणामसँगको तुलना, त्यसमा पनि गठबन्धनका पार्टीहरू कुनै खासै हानि नोक्सानी बेहोर्नु परिराखेको देखिँदैन । नेकपा (माके) लाई परेको घाटामा पार्टीबाट केही नेताहरू पुटेर यसअघि नै नेकपा (एमाले) मा गएका कारणलाई पनि लिन सकिन्छ । अर्कोतिर नेकपा (एस) को मारलाई पनि लिन सकिन्छ । अन्य तिर कम्युनिष्टकै भोटकाटेर रास्वपाको भोट आएको देखिन्छ । तराईमा जनमत पार्टीले ल्याएको मत पनि केही माओवादीको मत काटिएको देखिन्छ । यसरी निर्वाचनमा घटबढ भइरहन्छ । अर्कोतिर एमाले ८० सिटबाट ४० जतिमा झरेको छ । यो एउटा निकै ठूलो उपलब्धि हो । नेपाली काँग्रेसको सिट बढ्नु भनेको काँग्रेसको पनि आफ्नै संगठन छ नि ! यस्तै जसपा र लोसपाको पनि आफ्ना सिटमा पचास प्रतिशत घटेको देखिन्छ । तराईमा नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टी जस्ता पार्टीहरूले पनि केही सिट काटेका छन् । गत निर्वाचनमा बामपन्थीहरूका संगठित भोट नेकपा (एमाले) तथा नेकपा (माके) मा परेको थियो । यस पालि बामपन्थीहरू टुक्रा टुक्रा भएर निर्वाचनमा गएपछि सिट कट्नु स्वभाविकै हुने देखिन्छ ।

हिजो आजको निर्वाचन परिणामलाई समिक्षा नगरिकन यदि कसैले असन्तुष्ट भएर बस्छ भने उसले आफै आफ्नो घाटा बेहोर्ने छ । त्यसैले अब अगाडिको बाटो के हुन सक्छ ? त्यता तिर सोच्नु पर्ने बेला आएको छ । जनता सार्वभौम हुन्छ । जनताको असन्तुष्टितिर पनि हेर्नु पर्छ । जनता त आफ्ना मतले देखाइ दिएका छन् कि यस देशको लागि ओली होइन गठबन्धन नै चाहिन्छ । यदि जनताको आदेशलाई अपहेलना गर्ने हो भने भोलि अझै बदर हालत बेहोर्नु पर्ने हुन सक्छ ।

यो चुनाव त अग्रगामी तथा प्रतिगामी बीचको लडाइ थियो । यहाँ प्रश्न उठ्छ, के यो लडाइ सकियो त ! यदि सकिएको छैन भने अझै बलियो भएर लड्नुको बिकल्प रहेको छैन । धेरै दिन पछिको लडाइ तथा मिहिनेत पछि नेपाली जनताको हातमा यस्तो संविधान आएको छ । यस संविधानलाई बर्खास्त गरिए भने भोलि फेरि देश अस्थिरतातिर जानेमा कुनै शङ्का छैन । त्यसैले पार्टीहरू बडो सूझबुझका साथ अगाडि बढ्नु आजको माँग हो । यदि यस्तो गरिएन भने भोलि फेरि पछ्नाउनु सिबाए अरू केही हुने छैन ।

निष्कर्षमा के भन्न सकिन्छ भने जनताको सार्वभौमिकतालाई स्वीकार गरी जहाँ जो स्थानमा तपाईंलाई राखेका छन् त्यसलाई निर्धक्क स्वीकार गरी अगाडि बढ्नु पर्छ । जनताले नै एक चोटी शीर्ष स्थानमा पुऱ्याएर आज किन अलिकति पछि छोडेका छन् । त्यसको समिक्षा आ-आफ्नै पार्टीभित्र गर्नु पर्ने देखिन्छ । आ-आफ्ना कमजोरी पत्ता लगाई कसरी त्यसबाट उन्मुक्ति पाउन सकिन्छ त्यतातिर आ-आफ्ना सोचलाई बढाउनु पर्ने देखिन्छ । अहिले पनि ओली तपाईंहरूलाई लोभ दिन पछि पर्ने देखिँदैनन् । यस्ता लोभमा पर्नु भनेको देशका लागि एउटा अस्थिर सरकार दिनु सिवाय अरू केही हुने छैन । यसपछि भोलिको बाटो त्यति सजिलो हुने छैन । जनता गठबन्धनको सरकारलाई नै अनुमोदन गरेका छन् । त्यसैले सबभन्दा ठूलो पार्टी नेपाली काँग्रेसको नेतृत्वमा सरकार गठन गरेर अगाडि बढ्नु नै सबैभन्दा उत्तम वाटो देखिन्छ । यसलाई तपाईं गठबन्धनका पार्टीहरू सहर्ष स्वीकार गरी प्रतिगामीहरूलाई किनारा लगाउन अगाडि बढ्नुस् । जनता तपाईंहरूका साथ छन् । समयको अन्तरालमा यस्ता साना तिना समस्या आइरहन्छन् । त्यसलाई साहसका साथ चिर्नु नै बहादुरी हो । अस्तु ।

# मैथिलीका सशक्त उन्नायक पं. जीवनाथ झा



डा.रेवतीरमण लाल

नेपालमा आधुनिक मैथिलीको विकासको चर्चा भयो भने त पं. जीवनाथ झाको नाउँ छोड़िदैन । विशेष गरी जनकपुर क्षेत्रमा मैथिलीको विकासमा उनको महत्वपूर्ण योगदान रहेको छ । ज्ञानकूप विध्यालयको संस्कृत साहित्यको शिक्षक भएको हुँदा उनी साहित्य गुरुजीको नामले बढ़ी प्रख्यात हुनुहुन्थ्यो । तर उनी आफनो मातृभाषा मैथिलीको अनन्य साधक हुनुहुन्थ्यो । प्रायः प्रत्येक मैथिलीको कार्यक्रममा उनको उपस्थिति अनवार्य रुपले रहन्थयो । विध्यालयबाट अवकाश पाएपछि पनि जनकपुरको मैथिलीको कुनै कार्यक्रममा उपस्थित रहँदै आउनु भएको थियो ।

डा.धीरेन्द्र जनकपुर कौलेजको मैथिली प्राध्यापकको रुपमा आएपछि उनले पनि पं. जीवनाथ झालाई अत्यन्त आदर र सम्मान गर्नु हुन्थ्यो र उनलाई उनी ' भाइ' भनेर सम्बोधन गर्नु हुन्स्थ्यो । डा. धीरेन्द्रको जनकपुर आगमन पछि त दुवै दाजु भाई बेगर कुनै मैथिलीको कार्यक्रम हुन सकेन ।

शिक्षाको क्षेत्रमा प्रख्यात सरस्वती विद्यालयका प्राधानाध्यापक स्व. गंगाधर दत्त जो पछि जनकपुर कौलेजको संस्थापक प्रिन्सीपल हुनुभयो पं. जीवनाथ झालाई नीकै आदर र सम्मान गर्ने गर्नु भएको थियो । स्कूल एवं कौलेजको कुनै साहित्यिक एवं साँस्कृतिक कार्यक्रम पं. जीवनाथ झा बेगर भएको देखिएन ।

जनकपुर कौलेजको स्थापना पश्चात प्रत्येक वर्ष मनाइने विद्यापति स्मृति पर्वको प्रमुखवक्ता उहाँले नै रहनु हुन्थ्यो । सन् १९५७ ई.मा धनुषा जिल्लाको देवपुरामा बड़ादशैंको अवसरमा नवमी तिथीमा देवपुरा कै कामेश्वर झाद्वारा पं. जीवनाथ झाद्वारा लिखित नाटक दुर्गा विजयक भव्य संचन भएको थियो जसमा पं. जीवनाथ झाद्वारा दृश्यकाव्य माथि काव्यशास्त्रीय सारगर्भित व्याख्यान भएको थियो ।

जनकपुरमा उनको आवास ज्ञानकूप विद्यालयको परिसरमा नै थियो । जनकपुरको होस अथवा यसको अन्य क्षेत्रका होस विद्वानहरुको समक्ष वैदिक एवं कर्मकाण्ड सम्बन्धी कुनै पनि समस्या भएपछि उनी समक्ष नै एकत्रित भएर छलफल गरिन्थ्यो र निष्कर्ष निकालिन्थ्यो । पं. जीवनाथ झा एउटा लव्ध प्रतिष्ठित विद्वान हुनुहुन्थ्यो ।

यस क्षेत्रभन्दा बाहिर पनि उहाँको प्रतिष्ठा न्यून थिएन । पं. जीवनाथ झा माथि उनको पिता महावैयाकरण दीनबन्धु झाको गहिरो प्रभाव थियो जो उनी स्वीकार गर्नु भएको थियो । उनको भनाइमा उनको ज्ञानको श्रोत उनका पिताजी नै थिए ।

### साहित्यिक यात्रा

उनको प्रथम मैथिली प्रकाशित रचना थियो कविता र त्यस कविताको शीर्षक थियो 'कामना' जो "मिथिला मित्र" पत्रिकामा सन् १९३१ ई. मा प्रकाशित भएको थियो । त्यो कविता लेख्ने प्रेरणा सीताराम झाको कविताबाट पाउनु भएको थियो । पं. जीवनाथ झा कवि, नाटककार, निबन्धकार र आलोचक पनि हुनुहुन्थयो । तर सब भन्दा बढ़ी उनको मन कविता लेखनमा रमाउथ्यो । उनी भाषा बैज्ञानिक पनि हुनुहुन्थ्यो र मैथिली र नेपाली भाषाको भाषिक सम्बन्धमा उनको एउटा ठूलो निबन्ध पटनाबाट प्रकाशित मैथिली पत्रिका "मिथिला मिहिर" मा प्रकाशित भएको थियो । उनी संस्कृतका विद्वान त थिए नै नेपाली, मैथिली, हिन्दी, बंगला तथा अंग्रेजीको राम्रो ज्ञान थियो । जीवनाथ झालाई पूर्ववर्ती र समकालीन साहित्यकारहरुमा मधुप, किरण, सुमन, भुवनेश्वर सिंह भुवन, भोला लाल दास, सीताराम झा एवं अच्युतानन्द दत्त, महावीर झा 'वीर', धनुषधारी लाल दास, आदि सँग राम्रो सम्बन्ध थियो । भुवनेश्वर सिंह भुवनजीले त "आनन्द विजया विधान नाटिका" को भूमिकामा त उनको चर्चा पनि गर्नु भएको छ । भुवन जी सँग उनको नजीकको सम्बन्ध रहेको थियो ।

उनको परवर्ती मैथिली साहित्यकारहरमा डा.धीरेन्द्र, गोविन्द झा, चन्द्रनाथ मिश्र अमर, मथुरानन्द चौधरी 'माथुर', सुधान्शु शेखर चौधरी आदि उनलाई अत्यन्त श्रद्धा गर्नु हुन्थ्यो । अर्थात साहित्यकारहरुमा पनि नीकै समादित थिए । नेपाली फाँटका मैथिली साहित्यकारहरुमा रामभरोस कापडि 'भ्रमर', रेवतीरमण लाल तथा भुवनेश्वर पाण्डेय माथि राम्रो भरोसा देखाउनु भएको थियो ।

उनका पुस्तककार मैथिली रचनाहरुमा (१) कल्पना (काव्य) (२) रावणवद्ध (महाकाव्य), (३) कालिदास गौरव (एकांकी) (४) दुर्गा विजय नाटक, (५) अयाची शंकर (एकांकी) (६) याज्ञवल्क्य विजय (एकांकी), (७) जल्पना (कविता संग्रह), (८) अहिल्योद्धार (एकांकी), (९) वीर नरेन्द्र नाटक, (१०) राजा दिलीप (एकांकी), (११) दोष ककर (दोष परिचय), (१२) गल्प गुच्छ (कथा संग्रह), (१३) नैषदीय चरित्र (गद्यकाव्य), (१४) निबन्धावली (गद्यकाव्य) आदि प्रमुख छन ।

उपरोक्त पुस्तकहरुको विवरणमा नाटकको आधीक्य भएको देखिन्छ तर रावणबद्ध सदृश विलक्षण महाकाव्यको पनि प्रणयन भएको देखिन्छ । उनका नाटकहरुमा दुर्गा विजय नाटक नीकै बेर मंचन भएको थियो र चर्चित पनि भएको थियो ।

उनी जबसम्म जनकपुरमा बस्नुभयो दिउँसो अध्ययन अध्यापन कार्यले गर्दा राति अथवा बिहान पढ्न लेखन कार्य गर्नु हुन्थ्यो ।

आधुनिक नाटकको प्रसंग उनको विचारमा यी नाटकहरुमा अभिनयतामा बढी बल दिउसो देखिन्छ । यो ठीक होइन । कथावस्तुमा ध्यान दिनुपर्ने आवश्यक छ । प्राचीन नाटकहरु उहाँ बढी रुचाउनु हुथ्यो, यसमा कथोपकथन, रचना शेली, आदि उत्कृष्ट कोटिको हुथ्यो । मात्र अभिनयको दृष्टिले लेखिएका नाटकहरुलाई उनी रुचाउन हुन थिएन ।

मैथिलीको कीर्तनिया नाटकको प्रसंग उनको विचार यो थियो कि कीर्तनिया नाटक नाच र नाटक दुवैको संधिस्थल थियो । उनी कीर्तनिया नाटक हेर्नु भएको थियो । उनको विचार यस्ता नाटकहरुमा नाचको लक्षण पनि हुन्थयो भने नाटकको लक्षण पनि हुन्थ्यो । त्यसमा अभिनय क्षमताको साथे कथोपकथन पनि रहन्थ्यो । त्यसमा नृत्यको साथ गीत गाइने गरिन्थयो । यस प्रकार त्यो नाच पनि थियो र नाटक पनि । जो विद्वान उसलाई नाच भन्नुहुन्छ त्यो पनि ठीक र जो नाटक भन्नुहुन्छ त्यो पनि ठीक ।

जीवनाथ झाको भाषा पांडित्यपूर्ण हुन्थयो । तर त्यसको प्रयोग यस प्रकारले गर्नु हुन्थ्यो कि त्यो सामान्य जस्तो नै लाग्दथियो । पं. जीवनाथ झा जबसम्म जीवित रहनु भयो मैथिलीको उन्नयनको लागि सदैव प्रयत्नशील रहनु भयो । उनी मैथिलीको साहित्य भण्डारलाई आफनो तर्फबाट केही न केही गरी रहनु भएको थियो ।

म दर्जन भन्दा बढी साक्षात्कार गरी सकेको छु तर डा.धीरेन्द्र ज्यूले जब मलाई साहित्यिक विधा साक्षात्कार तर्फ काम गर्न भन्नु भयो त सर्वप्रथम उहाँले मलाई पं. जीवनाथ झा सँग नै साक्षात्कार लिन भन्नुभयो र पं. जीवनाथ झासँग मेरो पहिलो साक्षात्कार थियो जो पण्डितजीको ज्ञानकूप विद्यालयको परिसर स्थित उहाँको आवासमा ने दुई दिनसम्म यो साक्षात्कार चलेको थियो । मेरो प्रथम प्रकाशित साक्षात्कार नाउँको पुस्तकमा पं. जीवनाथ झाको यो साक्षात्कार संकलित छ ।

पं. जीवनाथ झा मैथिलीका सुप्रसिद्ध वैयाकरण दीनबन्धु झाका पुत्र र मैथिलीका सुप्रसिद्ध भाषाविद् एवं विद्वान पं. गोविन्द झा को दाजू हुनुहुन्थ्यो ।

# ट्रम्प अर्गनाइजेसन कर छलिको मुद्दामा दोषी ठहर

**बीबीसी**

पूर्वअमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको पारिवारिक घरजग्गा कम्पनी करछली र अन्य आर्थिक अपराधमा दोषी ठहरिएको छ ।


मङ्गलवार न्यूयोर्कको एक अदालतमा न्यायाधीशहरूले द ट्रम्प अर्गनाइजेसनलाई सबै अभियोगमा दोषी पाएका हुन्। उक्त कम्पनीमाथि १७ अभियोग लगाइएका थिए जसमा षड्यन्त्र, झुटा प्रतिवेदन र वर्षौंदेखि आफ्ना कार्यकारीका लागि करछलीका प्रकरण चलाएको कुरा समावेश थिए ।

उक्त व्यवसाय पूर्व राष्ट्रपतिको पर्यायका रूपमा छ तर सुनुवाइमा ट्रम्प र उनका परिवारका कुनै सदस्य सहभागी भएनन्।र उनीहरूमाथि कुनै अभियोग लगाइएको छैन ।

**डोनल्ड ट्र्म्पलाई के फरक पर्छ ?**

तर अभियोजनकर्ताहरूले ट्रम्पले कर छलीमा मन्जुरी दिएको स्पष्टसँग देखिएको आरोप लगाएका थिए।त्यस्तो अभियोगले उनको सन् २०२४ को राष्ट्रपतिमा उठ्ने प्रयासलाई असर पार्न सक्छ ।

उक्त फैसलाप्रति पुनरावेदन गरिने बताउँदै ट्रम्पले आफू "निराश" भएको बताउँदै उक्त घटनालाई पुनः 'विच हन्ट' अर्थात् बदलाको नियतले छानेर कारबाही गरेको को रूपमा व्याख्या गरे।उक्त कम्पनी एक दशकभन्दा बढी समयदेखि आफ्ना शीर्ष कार्यकारीहरूलाई



अपारदर्शी ढङ्गले मुनाफा दिएकोमा दोषी पाइएको हो ।

**कम्पनीलाई असर**

कर समावेश नगरिएका मुनाफामा विलासी कार र निजी विद्यालयका शुल्कहरू रहेको अभियोजनकर्ताहरूले बताएका छन् । उनीहरूको तलब कम तय गरिँदा त्यसले व्यवसायले तिर्नुपर्ने कर कम गर्छ।उक्त कम्पनीले १६ लाख अमेरिकी डलर जरिबाना तिर्नुपर्ने हुनसक्ने अपेक्षा गरिएको छार उसले भविष्यमा ऋण सुनिश्चित गर्न र लगानी गर्न समेत कठिनाइ सामना गर्न सक्छ ।

लामो समय सँगै काम गरेका आफ्ना पूर्व प्रमुख आर्थिक कार्यकारी एलन विसेलवर्गले कम्पनीविरुद्ध बयान दिएपछि ट्रम्पले उनी विरुद्ध समेत रोष पोखेका थिए ।

आफ्नो सबैभन्दा पछिल्लो वक्तव्यमा आदेशप्रति रोष पोख्दै ट्रम्पले विसेलवर्गको "व्यक्तिगत आचरण"का लागि किन ट्रम्प अर्गनाइजेसनमाथि अभियोजन चलाइएको भनेका थिए।ट्रम्पले विसेलवर्गलाई "आफ्ना व्यक्तिगत करफिर्तीमा करछली गरेको" आरोप लगाए ।

"हामी त्यसबेला निकै सम्मानित र महँगो लेखा कम्पनी, र कानुनी कम्पनीमा यो काम गर्नका लागि भर परेका थियौं," आफ्नो कार्यालयद्वारा जारी विज्ञप्तिमा ट्रम्पले भनेका छन्।"यो मुद्दा अभूतपूर्व छ र'हाम्रो देशको इतिहासमा सबैभन्दा ठूलो विच हन्टको निरन्तरता हो ।"

**'छलकपटको संस्कृति'**

उनले ट्रम्प हुनका लागि न्यूयोर्क सहर अब "कठिन ठाउँ" भएको बताएका छन्।छ साता लामो सुनुवाइमा अभियोजनकर्ताहरूले ट्रम्प अर्गनाइजेसनमा "छल र कपटको संस्कृति रहेको" आरोप लगाएका थिए ।

उक्त कम्पनीको विश्वभर होटलहरू, गल्फ कोर्सहरू र घरजग्गा सम्बन्धी सम्पत्तिहरू छन् ।ट्रम्पले यसअघि उक्त सुनुवाइलाई राजनीतिक मनसायले प्रेरित बताएका थिए ।

# सत्तारूढ गठबन्धनकै नेतृत्वमा स्थिर सरकार बन्छ : सञ्चारमन्त्री कार्की



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सत्तारूढ गठबन्धनकै नेतृत्वमा स्थिर सरकार बन्ने बताउनुभएको छ ।

मन्त्रालयले वुधवार आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा सरकारका प्रवक्ता कार्कीले गठबन्धनको नेतृत्वमा सरकार निर्माण गर्नु मुलुकको आवश्यकता भएको र त्यो आवश्यकतालाई जनताले स्वीकृति प्रदान गरिसकेको बताउनुभयो ।

“अहिले गठबन्धनको सरकार बन्छ, गठबन्धन मुलुकको आवश्यकता भएको छ, त्यो आवश्यकतालाई जनताले स्वीकृति पनि प्रदान गरेका छन्, त्यसैले जनताको अपेक्षाअनुसार अब बन्ने गठबन्धनको सरकारले मुलुकलाई पाँच वर्षभित्रमा समृद्धिको दिशामा जाने आधार स्थापित गर्नुपर्ने छ”, उहाँले भन्नुभयो । पछिल्लो समयमा मुलुकलाई राजनीतिक स्थिरता चाहिएको उल्लेख गर्दै उहाँले जनताको अपेक्षाअनुसार मुलुकले विकास र समृद्धिको गतिलाई तीव्रताका साथ अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मन्त्री कार्कीले भन्नुभयो, “दश वर्षभित्रमा कम्तीमा दक्षिण एसियाका सम्पन्न देशहरूमध्येमा नेपाललाई पनि पुऱ्याउने हाम्रो दायित्व हो, अबको पुस्ता आगामी १० वर्षभित्रमा धनी पुस्ता बनाउन हामी सबैले आ-आफ्नो ठाउँबाट इमान्दारिताका प्रतिबद्धता भएर काम गर्नुपर्नेछ, हामीसँग भएको जलस्रोत, पर्यटन, कृषि लगायतका स्रोतसाधनलाई अवसरका रूपमा अधिकतम उपयोग गरेर देशको सर्वाङ्गीण विकासका निमित्त अर्जुन दृष्टि लगाएर अगाडि बढ्नुपर्नेछ ।” त्यो दायित्व केवल राजनीतिक तहबाट मात्रै गरेर पूरा हुनसक्ने र त्यसका निमित्त स्थायी सरकार हुनुपर्ने उहाँको भनाइ थियो ।

मन्त्री कार्कीले संविधान जारी भएपछि प्रतिनिधिसभाको दोस्रो निर्वाचन सम्पन्न भएको सन्दर्भमा उल्लेख गर्दै आगामी पाँच वर्षभित्रमा जनताका अपेक्षा पूरा गर्नुपर्नेमा जोड दिनसभयो ।

सुनसरी निर्वाचन क्षेत्र नं ४ का जनताले विश्वासका साथ दिएको मत र प्रतिबद्धता पूरा गर्न वुधवारकै दिनदेखि लाग्ने पनि उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले सञ्चार मन्त्रालयले जनताका निम्ति अहिलेसम्म गरेका कामको समीक्षा गर्दै मन्त्रालयलाई अझ प्रभावकारी रूपमा समाजमा उपस्थित गराउने दायित्व पूरा गर्ने बताउनुभयो ।

“सञ्चार मन्त्रालयबाट गर्नुपर्ने केही काम उत्साहका साथ गर्नुपर्ने आवश्यकता छ, त्यसतर्फ ध्यान दिन मन्त्रालय मातहतका निकायहरू लाग्नुपर्नेछ”, उहाँले भन्नुभयो । मन्त्रालयका सचिव डा बैकुण्ठ अर्यालले जनताको मत जित्दै सुनसरी निर्वाचन क्षेत्र नं ४ बाट निर्वाचित भएकामा बिदाइ तथा शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झा, महाप्रबन्धक सिद्धराज राई, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाल, चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी र न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्का लगायतले मन्त्री कार्कीसमक्ष बधाई तथा शुभकामना व्यक्त गर्नुभयो ।रासस

# महाभियोगको प्रस्ताव जीवितै छ : मन्त्री कार्की

काठमाण्डु । सरकारले प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरामाथिको महाभियोगको प्रस्ताव जीवितै रहेको जनाएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले महाभियोग सार्वभौम सम्पन्न संसद्को सम्पत्ति भएकाले आगामी प्रतिनिधिसभामा छलफल भएर यो विषय निर्णयमा पुग्ने स्पष्ट पार्नुभयो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा वुधवार आयोजित पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, “महाभियोगसम्बन्धी प्रस्तावमाथि प्रतिनिधिसभामा छलफल भई तयार भएको प्रतिवेदन अब गठन हुने प्रतिनिधिसभामा छलफल हुनेछ ।”

यसअघि महाभियोगको प्रस्तावको प्रक्रिया निष्कर्षमा नपुगेको अवस्थामा नयाँ प्रतिनिधिसभाको निर्वाचनसँगै निष्प्रभावी भएको उल्लेख गर्दै सङ्घीय संसद् सचिवालयले सर्वोच्च अदालतलाई पत्र पठाएको थियो । महाअभियोग प्रस्ताव अघिल्लो प्रतिनिधिसभामा पेस भई प्रारम्भिक छलफल हुनाकासाथै सिफारिस समितिबाट प्रतिवेदन बुझाइएको थियो ।

तत्पश्चातको प्रक्रिया अगाडि नबढेको अवस्थामा यही मङ्सिर ४ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसकेको छ । गत फागुन १ गते सङ्घीय संसद्का महासचिवबाट प्रधानन्यायाधीश जबराले कार्यसम्पादन गर्न नपाउने भन्ने व्यहोराको पत्र निष्प्रभावी भएको भनी सचिवालयले पत्र पठाएको छ ।

प्रधानन्यायाधीश जबराले मङ्सिर २० गते नियमित कार्यसम्पादन गर्न पाउँ भनी सचिवालयमा निवदेन दिनुभएको थियो । प्रधानन्यायाधीश जबरा यही मङ्सिर २७ गते अनिवार्य अवकास लिँदै हुनुहुन्छ ।रासस

## राष्ट्रपतिसमक्ष प्रतिवेदन पेस

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको छ ।

राष्ट्रपति कार्यालय शीतल निवासमा आज आयोजित समारोहमा नेपालको संविधानबमोजिम राष्ट्रपतिसमक्ष अध्यक्ष मगरले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन पेस गर्नुभएको हो ।रासस

# निर्वाचन सम्पन्न गरेकामा सरकारद्वारा सबैमा धन्यवाद

काठमाण्डु । सरकारले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन यही मङ्सिर ४ गते एकैचरणमा सफलतापूर्वक सम्पन्न गरेकामा निर्वाचन आयोगलाई धन्यवाद ज्ञापन गरेको छ ।

मन्त्रिपरिषद्को मङ्गलबारको बैठकले निर्वाचनलाई सफल तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सम्पूर्ण मतदाता, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी, सञ्चारमाध्यम, सञ्चारकर्मी, नागरिक समाजलगायतलाई पनि धन्यवाद दिएको छ ।

नेपाल सरकारद्वारा वुधवार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले निर्वाचनमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सबैलाई सरकारकातर्फबाट धन्यवाद दिने निर्णय भएको बताउनुभयो ।रासस

# माधव नेपाल र अमेरिकी राजदूतबीच भेटवार्ता



काठमाण्डु । नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्सन र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालबीच बुधबार भेटवार्ता भएको छ।

बुधबार नेकपा एसको पार्टी कार्यालय आलोकनगरमा पुगेर थम्सनले अध्यक्ष नेपालसँग भेटेका हुन्। अमेरिकी राजदूतसँगको भेटबारे अध्यक्ष नेपालले आफ्नो सामाजिक सञ्जालमार्फत् जानकारी गराएका छन्।

भेटमा स्वागत एवं कार्यकाल सफलताको कामना सहित नेपाल अमेरिका सम्बन्धका विविध विषयमा कुराकानी भएको उनले उल्लेख गरेका छन्। राजदूत थम्सन हालै नेपालको राजदूत भएर आएका हुन्।रासस

# निर्वाचनमा खटिएका अधिकांश कर्मचारीको काज फिर्ता

काठमाण्डु । यही मङ्सिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि खटाइएका अधिकांश कर्मचारीको काज फिर्ता भएको छ ।

निर्वाचनको प्रतिवेदन तयार ीसँग सम्बन्धितबाहेक अधिकांश कर्मचारीको काज विभिन्न चरणमा गरी फिर्ता भएको हो । निर्वाचनको सबै मतगणना मङ्गलबार सम्पन्न भएको थियो ।

निर्वाचन आयोग र मातहतको कार्यालयका लागि विभिन्न मन्त्रालय र निकायबाट ल्याइएका कर्मचारीको काज फिर्ता गरिएको हो । संयुक्त निर्वाचन परिचालन केन्द्रमा कार्यरत गृह मन्त्रालयका सहसचिवसहित सुरक्षा निकायका अधिकारीलाई आयोगका सचिव गोकर्णमणि दुवाडीले आज धन्यवादसहित बिदाइ गर्नुभयो ।

नेपालको संविधानको धारा २४७ मा आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउने व्यवस्था छ । आयोगअन्तर्गतका कार्यालयबाट सम्पादन गर्नुपर्ने कार्य विद्यमान दरबन्दीको जनशक्तिले मात्र नपुग हुने अवस्थामा वा विशेष प्रकृतिको दक्षता चाहिने कार्यका लागि आवश्यक हुने जनशक्ति विभिन्न सरकारी तथा सरकारी स्वामित्वका कार्यालयबाट काजमा ल्याई कार्य सम्पादन गरिएको थियो ।

आयोग वा अन्तर्गत रहेका कुल दरबन्दीका अतिरिक्त आवश्यकता र औचित्यका आधारमा विभिन्न कार्यालयबाट काजमा समेत आएका नौ सय जनशक्तिलाई परिचालन गरिएको थियो ।

देशभरका ७७ मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा ८८ निर्वाचन अधिकृतको कार्यालयमा न्यूनतम नौ जना दरबन्दी स्वीकृत गरी सोहीअनुसार व्यवस्थापन गरिएको थियो ।रासस

# एमाले अध्यक्ष ओलीसँग भारतीय राजदूतको भेटवार्ता





**टुडे समाचारदाता**

काठमाण्डु । भारतीय राजदूत नवीन श्रीवास्तवले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेटवार्ता गरेका छन्। राजदूत श्रीवास्तव बुधबार बिहानै ओली भेट्न बालकोट पुगेका थिए ।

ओली र श्रीवास्तवबीच बिहान साढे ११ बजेदेखि साढे १२ बजेसम्म भेटघाट भएको बताइएको छ । ओलीले सचिवालय बैठक रोकेर श्रीवास्तवसँग भेटवार्ता गरेका थिए ।

श्रीवास्तवले निर्वाचनपछि प्रधानमन्त्री शेरबहादुर देउवासँग २ पटक र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग एकपटक भेटिसकेका छन् ।

नयाँ सरकार गठनको रस्साकस्सी चल्दै गर्दा बढेको भारतीय राजदूतको दौडधूपबारे विभिन्न टीकाटिप्पणी भइरहेका छन् । नेपालका अधिकांश राजनीतिक परिवर्तनमा चासो लिँदै आएको भारतको अहिलेको दौडधूप खासै नौलो भने होइन ।

# बागमतीको मुख्यमन्त्री बन्न रस्साकस्सी





**टुडे समाचारदाता**

हेटौडा । बागमती प्रदेशमा सत्ता गठबन्धनको स्पष्ट बहुमत छ । प्रत्यक्षतर्फका ६६ सिटमध्ये कांग्रेसले २५, माओवादीले १४ र एकीकृत समाजवादीले ५ सिट जितेका छन् । अर्कोतर्फ एमालेले १३, राप्रपाले ७ सिट जितेका छन् । नेमकिपा र हाम्रो नेपाली पार्टीले १-१ सिट जितेका छन् ।

सत्ता गठबन्धनलाई सरकार बनाउन समानुपातिकबाट १२ सिट ल्याए पुग्छ । सत्ता गठबन्धनको बहुमत पुग्ने भएपछि प्रदेशको मुख्यमन्त्री पनि गठबन्धन दलबाटै हुने निश्चित छ । तर गठबन्धनमा रहेका दलहरूमध्ये पनि कुन पार्टीले मुख्यमन्त्री पाउने भन्ने चर्चा अहिले निकै चुलिएको छ ।

जसका कारण गठबन्धनभित्र मुख्यमन्त्रीको रस्साकस्सी सुरु भएको छ । कांग्रेसबाट बागमती प्रदेश सभापति एवं पूर्व राज्यमन्त्री इन्द्र बानियाँ प्रमुख दाबेदार छन् । प्रदेशसभाको अघिल्लो कार्यकालको अन्तिमतिर सत्ता गठबन्धनबीच मुख्यमन्त्री दिने लिखित सहमति भए पनि कार्यान्वयन नभएपछि उनी वञ्चित भएका थिए । जसलाई आधार मान्ने हो भने पनि अबको मुख्यमन्त्री बानियाँले नै पाउने निश्चित छ । निर्वाचित भएको प्रमाण पत्र लिने बेला पनि उनले सञ्चारकर्मीहरूसँग कुरा गर्दै आफू नै मुख्यमन्त्रीको दाबेदार रहेको बताएका थिए । प्रदेशको सभापति भएको नाताले पनि नेपाली कांग्रेसको एक्लो दाबेदार र गठबन्धनको पनि बहुमतमा आफू मुख्यमन्त्री हुने बताएका थिए ।

तर पछिल्लो समय नेपाली कांग्रेसबाट बागमतीको मुख्यमन्त्रीमा नुवाकोटका बहादुर सिंह लामाको नामले चर्चा पाइरहँदा बानियाँको मुख्यमन्त्री बन्ने सपना पुनः दोस्रो पटक पनि फेल खाने त होइन, भन्ने विश्लेषण सुरु भएको छ । अघिल्लो निर्वाचनमा प्रत्यक्षमा ७ सिट मात्र जितेको नेपाली कांग्रेस यस पटक बागमती प्रदेशमा सबैभन्दा ठूलो दल बनिरहँदा मुख्यमन्त्री को हुने भन्ने विषय यतिखेर कांग्रेसमा बहसको विषय बनेको छ ।

बागमती प्रदेश सभापति तथा मकवानपुर २ ख बाट निर्वाचित इन्द्रबहादुर बानियाँलाई भावी मुख्यमन्त्रीका रूपमा कांग्रेसले चर्चा गरिरहँदा एकाएक मुख्यमन्त्रीमा बहादुर सिंह लामाको प्रवेशलाई कांग्रेस संस्थापन र शेखर कोइराला पक्षधरले पनि सकारात्मक लिएपछि लामा अब मुख्यमन्त्रीको दौडमा बलिया पात्र बनेका छन् ।

दुई पटक कांग्रेस केन्द्रीय सदस्य रहेका, संविधानसभा सदस्य र प्रतिनिधि सभा सदस्यको समेत अनुभव लिइसकेका लामा मंसिर ४ को निर्वाचनमा प्रदेशतर्फ लाग्नु मुख्यमन्त्री बन्नकै लागि हुनसक्ने राजनीतिज्ञहरू बताउँछन् । नवनिर्वाचित प्रदेश सभा सदस्य लामा कांग्रेसका मुख्यमन्त्रीमा सर्वाधिक चर्चामा रहेका छन् ।

लामा भने संघमा टिकटको भाग नपुगेकोले केन्द्रबाट नै आफूलाई प्रदेशमा पठाएको बताउँछन् । ‘म नेपाली कांग्रेसको केन्द्रीय सदस्य पनि हो । यसलाई पनि आधार मान्नु पर्छ,’ उनले भने, ‘म दुई पटकसम्म संघीय सांसद भैसकेको मान्छे पनि हुँ । मेरो इच्छा फेरि केन्द्रमै जाने थियो । तर सत्ता गठबन्धनलाई भाग पुऱ्याउन पर्ने भएपछि मलाई केन्द्रीय नेताले नै प्रदेशमा उठ्नु मुख्यमन्त्री दिउँला भन्नुभएको अनुसारले मैले प्रदेश सभामा उम्मेदवारी दिएको हुँ । मलाई लाग्छ, सबैभन्दा धेरै मतान्तरले विजयी हुने पनि म मात्रै होला यो प्रदेशमा । यस कारण पनि अहिले संसदीय दलको नेता म नै हुन्छु भन्नेमा दुई मत छैन ।’

अघिल्लो कार्यकालमा ६/६ महिना मुख्यमन्त्री खाने लिखत सहमति हुँदा पनि मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले पद नछोडेपछि दोस्रो कार्यकाल इन्द्रबहादुर बानियाँलाई दिने सहमति भएको थियो, त्यसैले उहाँ नै संसदीय दलको नेता हुने चर्चा छ नि भन्ने हाम्रो प्रश्नमा लामाले भने, ‘म उहाँको मिल्ने साथी पनि हुँ । जस कारण मैले उहाँको बारेमा बोलिरहन पर्ला जस्तो लाग्दैन । तर यो संसदीय दलको नेताको विषयमा भने हामीले भन्ने भन्दा पनि केन्द्रकै निर्णयलाई मान्ने हो । अघिल्लो कार्यकालमा के भयो भन्नुभन्दा पनि आगामी समयले के बताउँछ, त्यसलाई नै मान्नुको विकल्प छैन ।’

उनका अनुसार बागमती प्रदेशको मुख्यमन्त्री दिने केन्द्रको सर्त अनुसार प्रदेशमा उम्मेदवारी दिएका हुन् । संसदीय दलको नेता आफै बन्नेमा विश्वस्त रहेका लामा भावी मुख्यमन्त्री आफै हुने र हुनुपर्ने दाबी गर्छन् ।

नुवाकोटको निर्वाचन क्षेत्र नम्बर २ ‘ख’ बाट निर्वाचित लामा १७ हजार दुई सय ४९ मत ल्याएर विजयी भएका हुन् । २०७४ मा प्रतिनिधिसभा सदस्यमा समानुपातिक प्रणालीबाट सांसद भएका तामाङ २०७० को दोस्रो संविधानसभा निर्वाचनमा नेकपा माओवादी केन्द्रका उम्मेदवार पोष्टबहादुर बोगटीलाई पराजित गर्दै संविधानसभा सदस्यमा निर्वाचित भएका थिए ।

# महाअभियोगको विषय मेरो सरोकारको विषय होइन : तिमिल्सिना

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर राणालाई संसद सचिवालयका महासचिव डा. भरतराज गौतमले दिएको चिठीबारे आफूलाई थाहा नभएको बताएका छन् ।

तिमिल्सिनाले यो विषय आफ्नो सरोकारको विषय नभएको र प्रतिनिधि सभाको विषय भएकाले आफूलाई यसबारे केही थाहा नभएको बताएका हुन् ।

‘संसद सचिवालयले गरेको काम वा निर्णय प्रशासनिक काम हो, मलाई यसबारे सोधिने विषय नै होइन,’ फरकधारसँगको कुराकानीमा उनले भने, ‘मैले यसबारे कुनै निर्देशन दिएको छैन न त यसबारे केही बुझेको नै छु ।’

उनले प्रतिनिधि सभाको विषय भएकाले राष्ट्रिय सभा अध्यक्षका रुपमा आफ्नो काममा नपर्ने भएकाले यसबारे कुनै चासो नदिएको पनि बताए ।

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराले मंगलबार संघीय संसद सचिवालयमा आफूमाथि लागेको महाअभियोग निस्क्रिय भएको भन्दै यसबारे जवाफ दिन निवेदन दिएका थिए ।

त्यही पत्रका आधारमा संसद सचिवालयका महासचिव डा. भरतराज गौतमले उनको महाअभियोग निस्क्रिय भएको पत्र चोलेन्द्रशम्शेर जबरालाई दिएका थिए ।

जबराले पत्र पाएपछि आजै सर्वोच्च अदालत जाने तयारी गरेका थिए । तर, यो पत्र असंवैधानिक भन्दै कानुन व्यवसायीहरु सर्वोच्च अदालत परिसरमा नै धर्नामा बसेका छन् । नेपाल बार एशोसिएसनको आकस्मिक बैठकले चोलेन्द्रलाई सर्वोच्च अदालत छिर्न नदिने निर्णय गरेको छ ।


## श्री निर्धन उत्थान बचत तथा ऋण सहकारी संस्था लि. मिल्स एरिया जनकपुरधाम-११ को कर्जा/ऋणको साँवा व्याज र हर्जामा चूक्ता गर्न आउने बारेको १५ (पन्द्र) दिने सार्वजनिक सूचना

यस संस्थाबाट निम्न बमोजिमका ऋणीहरुले विभिन्न मितिमा विभिन्न प्रयोजनका लागि लिएको ऋण चुक्ता गर्नका लागि बारम्बार/पटक पटक लिखित, मौखित, फोन/मोबाईल एवं पत्रिका मार्फत समेत ताकेता गर्दा कुनै चासो नदिएकोले निजहरुले साँवा, व्याज हर्जामा र ऋण असूली प्रक्रिया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत पत्रिकामा प्रकाशित मितिले १५ (पन्द्र) दिन भित्र यस संस्थाको कार्यालयमा उपस्थित भई आफूले तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र हर्जामा एवं खर्च रकम तिुर्न, बुझाउनु हुन जानकारी गराइन्छ । अन्यथा ऋण चुक्ता नगरेमा धितो वापत राखिएको जग्गा संस्थाको नियमानुसार लिलामी प्रक्रियामा जाने हुने भएकोले सम्बन्धीत सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | कर्जा नम्बर | ऋणीको नाम, थर | ठेगाना | बुवा/पति/बाजेको नाम, थर | ऋण लिएको मिति |
|---|---|---|---|---|---|
| १ | | राम अशिष दास कथवनिया | सुगा मधुकरही वा. नं. २, जि. धनुषा | बुवाः- राम शोभित दास बाजेः- फौदार दास | २०७२।११।१७ |
| २ | | सन्तोष कुमार यादव | तारापट्टि सिरसिया वा. नं. ३, जि. धनुषा | बुवाः- सलट यादव बाजेः- राम प्र. यादव | २०७१।०९।२४ |
| ३ | | मन्तोरिया देवी तत्मीनी | जनकपुरधाम उ.म.न.पा. वा. ३ लक्ष्मण अखाडा जि. धनुषा | पतिः- फौदी दास ससुराः- मंगल दास | २०७४।०९।०३ |
| ४ | | फौदी दास तत्मा | जनकपुरधाम उ.म.न.पा. वा. ३ लक्ष्मण अखाडा जि. धनुषा | बुवाः- मुंगई दास बाजेः- भोला दास | २०७५।०३।०४ |
| ५ | | शिव दुलारी देवी चमइन | ज.उ.म.न.पा. वा. नं. ११, जि. धनुषा | पतिः- श्याम महरा ससुराः- महेन्द्र महरा | २०७६।१०।२३ |
| ६ | | जिवछ यादव | लक्ष्मीपुर बगेवा वा.नं. ३, जि. धनुषा | बुवाः- रघुवर यादव बाजेः- जनक यादव | २०७६।०६।०१ |



नयाँ दिल्लीमा संसदको शीतकालीन सत्र सुरु हुनु अघि सञ्चारकर्मीसंग कुरा गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी। *तस्वीर : एएफपी*

# एक अर्ब डलर हिनामिनामा अर्जेन्टिनी उपराष्ट्रपतिलाई छ वर्षको जेल सजाय

**एपी**

ब्युनसआयर्स। अर्जेन्टिनाका उपराष्ट्रपतिक्रिस्टिनाफर्नान्डेजलाई विभिन्न परियोजनाको एक अर्ब डलर हिनामिना गरेको मुद्दामा दोषी पाइएको छ।



उनलाई छ वर्षको जेल सजाय सुनाइएको छ भने सार्वजनिक पद धारणमा आजीवन प्रतिबन्ध लगाइएको छ।

तीन जना न्यायाधीशको इजलासले उनलाई रकम हिनामिनामा दोषी ठहर गरे पनि आपराधिक सङ्गठन सञ्चालनको अभियोगमा सफाइ दिएको छ। उक्त सङ्गठन सञ्चालको अभियोग पुष्टि भएको भए उनलाई थप १२ वर्षको सजाय हुन्थ्यो। पदमा बहाल उपराष्ट्रपति फौजदारी अपराधमा दोषी ठहर भएको यो पहिलो पटक हो।

अदालतको फैसलालाई अस्वीकार गर्दै उपराष्ट्रपति फर्नान्डेजले आफू 'न्यायिक माफिया'को शिकार भएको टिप्पणी गरेकी छन्। साथै उनले आगामी वर्ष हुने राष्ट्रपतीय निर्वाचनमा उम्मेदवारी नदिने घोषणा गरेकी छन्। उक्त निर्णयविरुद्धको पुनरावेदनउपर निर्णय नभएसम्म अदालतको फैसला कार्यान्वयन हुनेछैन भने उनलाई प्रशासनले पक्राउ पनि गर्न पाउने छैन।

अदालतको फैसला सार्वजनिक हुनेवित्तिकै उपराष्ट्रपति फर्नान्डेजका समर्थकले राष्ट्रव्यापी हडताल गर्ने चेतावनी दिएका छन्। मङ्गबार उनीहरूले ब्यूनस आयर्सको सहरी क्षेत्र बन्द गरे भने प्रहरीले खडा गरेका अवरोधका बार हटाउँदै सङ्घीय अदालत भवन अगाडि नाराबाजी गरेका छन्।

सन् २००७ देखि २०१५ सम्म राष्ट्रपतिका रूपमा देशलाई नेतृत्व प्रदान गरेकी ६९ वर्षीय फर्नान्डेजमाथि आफ्नो परिवारसँग नजिक रहेका निर्माण व्यवसायीलाई अनुचित ढङ्गले सार्वजनिक कामको ठेक्का दिएको आरोप लगाइएको थियो। अदालतको यो फैसलाले दक्षिणअमेरिकी राष्ट्रमा राजनीतिक विभाजन एवम् रक्तपात निम्त्याउने जोखिम बढाएको छ।

# नेपालमा पहिलो पटक अन्तर्राष्ट्रिय रग्बी च्याम्पियनशिप हुँदै

काठमाण्डु। नेपालमा पहिलो पटक १८ वर्षमुनि (यू-१८) को महिला तथा पुरुष अन्तर्राष्ट्रिय रग्बी च्याम्पियनशिप हुने भएको छ।

एसिया रग्बी सङ्घको आयोजना तथा नेपाल रग्बी सङ्घको व्यवस्थापनमा यही मङ्सिर २४ र २५ गते त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा प्रतियोगिता आयोजना हुने नेपाल रग्बी सङ्घका कार्यवाहक अध्यक्ष दीपक देवकोटाले वुधवार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो। उहाँका अनुसार प्रतियोगितामा पुरुषतर्फ आठ र महिलातर्फ पाँच राष्ट्रको सहभागिता रहनेछ। पुरुषतर्फ नेपालसहित चाइनिज ताइपेइ, संयुक्त अरब इमिरेट्स (युएई), थाइल्याण्ड, मलेसिया, दक्षिण कोरिया, भारत र बङ्गलादेशको सहभागिता रहनेछ। यसैगरी महिलातर्फ नेपाल, भारत, युएई, मलेसिया र थाइल्याण्डको सहभागिता रहनेछ।

उक्त प्रतियोगितामा सहभागिता जनाउनका लागि भारतीय टोली सोमबार नै नेपाल आइसकेको छ। नेपालको यू-१८ टोलीले करिब डेढ महिनादेखि हेटौँडाको रङ्गशालामा तयारी गरिरहेको सङ्घका अध्यक्ष देवकोटाले जानकारी दिनुभयो।रासस

# भारतमा धार्मिक स्वतन्त्रता कायम रहने अमेरिकाको विश्वास



**एएनआई**

वासिङ्टन। संयुक्त राज्य अमेरिकाले भारतमा धार्मिक स्वतन्त्रता कायम रहने विश्वास व्यक्त गरेको छ। साथै उसले धार्मिक स्वतन्त्रताको रक्षाका निम्ति आफ्ना प्रतिबद्धता पूरा गर्ने विश्वास पनि व्यक्त गरेको छ।

अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रतासम्बन्धी अमेरिकी प्रतिवेदन सार्वजनिक भएपछि संवाददाताहरूलाई सम्बोधन गर्दै विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले विश्वको सबैभन्दा विशाल लोकतन्त्र र धार्मिक विविधता एवम् आस्थायुक्त भारतलाई धार्मिक सहिष्णुता कायम गर्न अमेरिकाले साथ दिने बताए। साथै उनले भारतसहित अन्य देशको धार्मिक स्वतन्त्रताको स्थितिबारे निरन्तर अनुगमन गरिने जानकारी दिए।

विश्वका दुई ठूला लोकतन्त्र संयुक्त राज्य अमेरिका र भारतले धार्मिक स्वतन्त्रतासम्बन्धी परियोजनालाई अगाडि बढाउनु पर्नेमा जोड दिँदै प्रवक्ता प्राइसले भारतसँग मिलेर त्यस्ता परियोजना कार्यान्वयन गर्न अमेरिका प्रतिबद्ध रहेको स्पष्ट गरे।

सन् १९९८ को अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता ऐनअन्तर्गत सूचीकृत देशहरूको नाम बाइडेन प्रशासनले सार्वजनिक गरेपछि विदेशमन्त्री एन्टोनी ब्लिन्केनले अल-सबाब, बोकोहराम, हयाततहरीर अल-साम, हुथी, आइएसआईएस -ग्रेटर सहारा, आइएसआईएस - पश्चिम अफ्रिका, जमातनुसरत अल, इस्लाम वाल-मुस्लिमिन, तालिबान, वाग्नर समूहले चिन्तित तुल्याएको बताउनुभएको छ।

# चीन-जापान सहकार्यमा विदेशमन्त्री वाङको जोड

**सिन्ह्वा**

बेइजिङ। चीनको राज्य परिषद्का सदस्य एवम् विदेशमन्त्री वाङ यीले नयाँ युगको आवश्यकता पूरा गर्ने द्विपक्षीय सम्बन्ध निर्माणका निम्ति चीन र जापानले सहकार्य गर्नुपर्नेमा जोड दिनुभएको छ।



चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्यूरोका सदस्य समेत रहेका वाङले १८औँ बेइजिङ-टोक्यो फोरमको उद्घाटन समारोहमा भिडियो सम्बोधन गर्दै एसियाको विकास र पुनरुत्थानका लागि दुवै देशले संयुक्तरूपमा मिलेर काम गर्नुपर्ने बुधबार बताउनुभयो।

यो वर्ष चीन-जापान कूटनीतिक सम्बन्ध कायम भएको ५०औँ तथा आगामी वर्ष चीन-जापान शान्ति तथा मैत्री सन्धिमा हस्ताक्षर भएको ४५औँ वर्षमा प्रवेश गर्ने सन्दर्भमा विदेशमन्त्री वाङले दुवै पक्षले यी वार्षिकोत्सवका अवसरलाई द्विपक्षीय सम्बन्ध अझ दिगो र स्थिर बनाउन सदुपयोग गर्नुपर्ने बताउनुभयो। उहाँले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन पाँचबुँदे सुझाव पनि प्रस्तुत गर्नुभयो।

चीन र जापानले एकअर्कालाई विश्वासका साथ सम्मान गर्दै राजनीतिक प्रतिबद्धतामा अडिग रहनुपर्नेमा चिनियाँ विदेशमन्त्रीले जोड दिनुभयो।

उहाँले द्विपक्षीय सम्बन्ध राजनीतिक आधारशिलामा टिकेको इतिहासतर्फ इङ्गित गर्दै ताइवानलगायत प्रमुख एवम् संवेदनशील मुद्दालाई विशेषरूपमा सम्हाल्नुपर्ने बताउनुभयो। चीन र जापानले पनि एकअर्कालाई सहयोग गर्नु आवश्यक भएको उहाँको कथन थियो।

चीनले गुणस्तरीय विकासलाई प्रवर्द्धन, खुलापन विस्तार र विकासको नयाँ ढाँचालाई बढावा दिने बताउँदै चीनको साझा विकास र समृद्धिका प्रयासले ल्याएका अवसर साझा गर्न जापानलाई स्वागत छ भन्नुभयो।

विदेशमन्त्री वाङले दुई पक्षले एकअर्कालाई इमानदारीपूर्वक व्यवहार गर्नुपर्ने तथा शान्तिपूर्ण सहअस्तित्वका लागि प्रयास गर्नुपर्नेमा जोड दिनुभयो।

# स्पेनलाई हराउदै मोरक्को क्वार्टरफाइनलमा

काठमाण्डु। कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ मा स्पेनलाई पराजित गर्दै मोरक्को क्वार्टरफाइनलमा प्रवेश गरेको छ।



कतारको दोहास्थित एजुकेशन सिटी रङ्गशालामा मंगलबार भएको खेलमा मोरक्कोले स्पेनलाई टाइब्रेकरमा ३-० गोलअन्तरले पराजित गर्दै क्वार्टरफाइनलमा प्रवेश गरेको हो।

खेलको निर्धारित ९० मिनेटसम्म दुवै टोलीबाट गोल हुन नसकेपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो। अतिरिक्त समयमा पनि गोलरहित बराबरीमा टुङ्गिएपछि खेल टाइब्रेकरमा पुगेको थियो। टाइब्रेकरमा मोरक्कोका अब्देलहामिद साविरी, हाकिम जियाच र अकरफ हाकिमीले गोल गरे।

त य स त ै मोरक्कोका बदर बनोउनेले भने गोल गर्न सकेनन्। स्पेनका कुनै पनि खेलाडीले टाइब्रेकरमा गोल गर्न सकेनन्। पाब्लो साराबियाको सुरुवाती प्रहार पोस्टमा लाग्यो भने कार्लोस सोलेर र सर्जियो बुस्केट्सको प्रहारलाई मोरक्कोका गोलरक्षक यासिन बोनोले बिफल बनाएका थिए। रासस

# पोर्चुगल क्वार्टरफाइनलमा



काठमाण्डु। कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ मा पोर्चुगल क्वार्टरफाइनलमा प्रवेश गरेको छ।

कतारको लुसइल रङ्शालामा गए राति भएको प्रि-क्वार्टरफाइनलको अन्तिम खेलमा स्वीट्जरल्याण्डलाई ६-१ गोलअन्तरले पराजित गर्दै पोर्चुगल क्वार्टरफाइनलमा प्रवेश गरेको हो।

पोर्चुगलका लागि गोन्कालो रामोसले ह्याट्रिक गरे। उनले खेलको १७औँ, ५१औँ र ६७औँ मिनेटमा गोल गरे। त्यसैगरी खेलको ३३औँ मिनेटमा पेपे, ५५औँ मिनेटमा राफेल गुरेरियो र राफेल लियोले खेलको अतिरिक्त समयमा गोल गरेका थिए।

स्वीट्जरल्याण्डका लागि ५८औँ मिनेटमा म्यानुअल अकाञ्जीले एकमात्रै गोल फर्काएका थिए। अन्तिम आठमा पुगेको पोर्चुगलले मोरक्कोसँग प्रतिस्पर्धा गर्नेछ। रासस

# इरानका पूर्व राष्ट्पति खातामीद्वारा विरोध प्रदर्शनप्रति समर्थन

**एएफपी**

तेहरान। इरानका पूर्वराष्ट्रपति मोहम्मद खातामीले महसा अमिनीको मृत्युपछि सुरु भएको विरोध आन्दोलनलाई समर्थन गर्दै यसको मुख्य नारा 'महिला, जीवन र स्वतन्त्रता' राम्रो भएको बताउनुभएको छ।



इरानमा इस्लामिक शरिया कानूनमा आधारित हिजाब पहिरनको नियमलाई उल्लङ्घन गरेको आरोपमा पक्राउ परेकी अमिनीको मृत्यु भएपछि करिब तीन महिनादेखि विरोध प्रदर्शन भइरहेको छ।

विरोध प्रदर्शनलाई नियन्त्रण गर्न सङ्घर्ष गरिरहेका अधिकारीहरूले यसलाई इरानको प्रमुख विरोधी संयुक्त राज्य अमेरिका, बेलायत र इजरायलसहित उसका सहयोगीहरूले उक्साएको 'दङ्गा' को रूपमा वर्णन गरेका छन्।

सन् १९९७ देखि २००५ सम्म इरानको राष्ट्रपतिको रूपमा काम गरेका तर वर्षौंदेखि संस्थापनपक्षबाट चुप लागेर बसेका सुधारवादी खातामीले आन्दोलनलाई समर्थन गर्दै आफ्नो अभिव्यक्ति दिनुभएको हो।

प्रदर्शनमा सुनिएको 'महिला, जीवन, स्वतन्त्रता' भन्ने मुख्य नारालाई ७९ वर्षीय नेताले महिलाको स्वतन्त्र जीवनका लागि 'सुन्दर सन्देश' का रुपमा व्याख्या गर्नुभएको छ।

विद्यार्थी दिवसको पूर्वसन्ध्यामा मङ्गलबार आईएसएनए समाचार संस्थालाई उद्धृत गर्दै उहाँले भन्नुभएको छ,"स्वतन्त्रता र सुरक्षा एकअर्काविरुद्ध राख्न हुँदैन।'

उहाँले भन्नुभयो, "सुरक्षा कायम गर्न स्वतन्त्रतालाई कुल्चिनु हुँदैन र स्वतन्त्रताका नाममा सुरक्षालाई नजरअन्दाज गर्नु हुँदैन।'

गत सेप्टेम्बर १६ मा हिरासतमा अमिनीको मृत्यु भएपछि इरानमा भएको विरोध प्रदर्शनमा अग्रङ्क्तिमा रहेका विद्यार्थीहरूको गिरफ्तारीविरूद्ध पनि खातामीले आवाज उठाउनुभएको थियो।

उहाँले भन्नुभयो, "प्रतिबन्धलगाउँदा अन्ततः विश्वविद्यालय र समाजको स्थिर सुरक्षा सुनिश्चित हुन सक्दैन।'

सन् २००९ मा तत्कालीन राष्ट्रपति महमुद अहमदीनेजादको पुनः निर्वाचनपछि भएको व्यापक विरोध प्रदर्शनपछि खातामीलाई सञ्चारमाध्यममा आउन रोक लगाइएको थियो।

इरानको सर्वोच्च सुरक्षा निकाय सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले शनिबार दुई सयभन्दा बढी व्यक्तिको मृत्यु भएको जनाएको छ।

गत हप्ता एक इरानी जनरलले अशान्तिका कारण दर्जनौं सुरक्षाकर्मीसहित ३०० भन्दा बढी व्यक्तिको मृत्यु भएको बताउनुभएको थियो।

नर्वेस्थित गैरसरकारी संस्था इरान ह्युमन राइट्सले नोभेम्बर २९ मा राष्ट्रव्यापी प्रदर्शनमा सुरक्षा फौजको कारबाहीमा कम्तीमा ४४८ जनाको मृत्यु भएको जनाएको थियो। पक्राउ पर्नेमा इरानका चर्चित कलाकार र फुटबलरसहित हजारौं रहेको बताइएको छ।

## बङ्गलादेशमा कोभिड १९ विरुद्धको खोपको चौथो मात्रा

**सिन्ह्वा**

ढाका। बङ्गलादेश सरकारले ६० वर्ष वा सोभन्दा माथिका सबैलाई कोभिड-१९ विरुद्धको खोपको चौथो मात्रा प्रदान गरिने जनाएको छ। कोभिडविरुद्धको चौथो माात्रा ढाकाका सात खोप केन्द्रहरूमा परीक्षणको आधारमा डिसेम्बर २० मा उपलब्ध गराइने मङ्गलबार ढाकामा पत्रकार सम्मेलनमा बोल्दै स्वास्थ्य सेवा महानिर्देशनालय (डिजिएनएस) का वरिष्ठ अधिकारी अहमदुल कबीरले घोषणा गर्नुभएको छ।

त्यसपछि ६० वर्षभन्दा माथिका व्यक्ति, अग्रपंक्तिमा काम गर्ने कामदारहरुलाई खोप लगाउन अभियानलाई विस्तार गरिने उहाँले बताउनु भएको छ।बङ्गलादेशले चौथो खोप २ करोडभन्दा बढी मानिसलाई उपलब्ध गराउने लक्ष्य राखेको अधिकारीहरुले जानकारी दिएका छन्।

देशमा हालसम्म १२ करोड ६० लाखभन्दा बढी मानिसहरूल कोभिड १९ खोपको कम्तीमा दुई डोजहरू प्राप्त गरिसकेका छन्। यहाँ ६ करोड २० लाखभन्दा बढी मानिसहरुले बुस्टर मात्रा प्राप्त गरेका छन्।

बङ्गलादेशले एस्ट्राजेनेका, सिनोफार्म, मोडेर्ना, फाइजर, सिनोभ्याक र जोन्सन एन्ड जोन्सनले विकास गरेको कोभिड-१९ खोपहरू प्रयोग गर्दै आएको छ।बंगलादेशले महामारीलाई नियन्त्रण गर्न गत वर्ष जनवरीमा कोभिड-१९ खोप अभियान सुरु गरेको थियो।



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा लाग्ने हटियामा बिक्रीका लागि बाख्राबाख्री लैजाँदै। तस्बिर : रासस

# न्यायो कपडाको व्यापार बढ्यो



काठमाण्डु । जाडो महिना सँगै बाक्ला न्यानो कपडाको व्यापार बढेको छ। उपत्यकाका व्यापारिक केन्द्रमध्ये निम्न र मध्यम वर्गका ग्राहकले किनमेलका लागि छनौटमा पर्ने भृकुटीमण्डप बजारमा गत वर्षको भन्दा यो वर्षको जाडो महिनाका न्यानो कपडाको व्यापार १० प्रतिशतले वृद्धि भएको छ।

राजधानीको मुटुमा रहेको भृकुटीमण्डप बजारमा खेलौना, कपडा, भाँडाकुडा, जुत्ताचप्पल, इलेक्ट्रोनिक्स, रेडिमेड कपडालगायतका विभिन्न प्रकारका घरायशी सामग्रीको बजार रहेको छ।

भृकुटीमण्डपमा निम्न वर्गीय समूदायले व्यापार बढी गर्ने गरेको व्यापार सङ्घका उपाध्यक्ष गोविन्द पौडेलले बताउनुभयो । "दुई वर्षयता कोरोना महामारीले ठप्प भएको बजारमा यसपटक भने व्यापार राम्रो भएको छ", उहाँले भन्नुभयो, "गत वर्षको तुलनामा यसपटक बजारको १० प्रतिशतले व्यापार वृद्धि भएको छ ।" बजारमा विशेषगरी निम्नस्तर र मध्यम वर्गका ग्राहकलाई लक्षित गरेर सामान ल्याइने उहाँले स्पष्ट पार्नुभयो।

ग्राहकले खोजेजस्तो सामान पाइनुलाई पनि व्यापार बढ्नुको कारण उहाँ मान्नुहुन्छ । जाडो बढेपछि बजारमा न्यानो कपडाको व्यापार बढ्न थालेको व्यवसायी सुशीला धमलाले बताउनुभयो । १६ वर्षदेखि सोही स्थानमा व्यापार गर्दै आउनुभएको उहाँले भन्नुभयो,"गत वर्षको तुलनामा यो वर्ष व्यापार बढेको छ, दैनिक २० हजारमाथि व्यापार हुन्छ ।" दुईवर्ष कोरोना महामारीको कारण खस्केको बजारको व्यापार अहिले बढेको उहाँको भनाइ छ।

विगतका जाडो महिनाको तुलनामा यो वर्ष कपडा बिक्री बढी भएको २० वर्षदेखि कपडा व्यवसाय गर्दै आउनुभएका रोशन रौनियारले बताउनुभयो। ग्राहकको भीड नबढेपनि व्यापार राम्रो भएको उहाँले बताउनुभयो। दैनिक रूपमा एकदेखि पाँचवटासम्म व्याल्याङ्केट बिक्री हुने बताउँदै उहाँले विवाहको महिना सुरु भएकाले सारीको पनि व्यापार बढेको सुनाउनुभयो।

उहाँले पछिल्लो समयमा कपडाका मूल्य बढेर आएकोले ग्राहक मूल्य सुनेर मात्रै पनि फर्किने गरेको भन्दै गुनासो गर्नुभयो । दुई/तीन वर्ष कोरोना महामारी र डेंगीले व्यापार मन्द भए पनि यो वर्ष व्यापारले गति लिएको कपडाको व्यवसाय गर्दै आउनुभएका ज्ञानबहादुर कार्कीले बताउनुभयो। गर्मी मौसममा भन्दा जाडोमा कपडाको व्यापार बढी हुने गरेको उहाँको अनुभव छ।

पसलमा राम्रो सामान राख्न नसक्दा व्यापार पनि राम्रो नभएको बजारमा व्यापार गर्दै आउनुभएको निशा श्रेष्ठले बताउनुभयो । "सामानको मूल्य महँगिएको छ, सामान हाल्न सकेका छैनौँ, ग्राहक फेन्सी टाइपको कपडा खोज्न आउँछन्," श्रेष्ठले भन्नुभयो, "ग्राहकले खोजेजस्तो सामान राख्न सकेका छैनौँ।" पछिल्लो समयमा चाइनिज र नेपालमा उत्पादन भएका कपडा छुट्याउनै नसक्ने उहाँको भनाइ छ।

कपडा व्यवसायी रोहित धमलाले गत वर्षको तुलनामा यसवर्ष भृकुटीमण्डप बजारमा कपडाको व्यापार १५ प्रतिशतले बढेको जिकिर गर्नुभयो। यो वर्ष नयाँ डिजाइनका कपडा बजारमा आएकाले पनि बिक्री बढी भएको उहाँको भनाइ थियो।

भन्सारमा जस्तो कपडा हुन्छन् त्यस्तो कपडा ल्याउनुपर्ने व्यापारीको बाध्यता रहेको व्यापारी जनक थापाले बताउनुभयो। सस्तो र राम्रो सामान पाउने भएकोले सधैं भृकुटीमण्डपमा सामान किन्न आउने २१ वर्षीया विनिता थापाले बताउनुभयो।

कपडादेखि इलेक्ट्रोनिक्स सामानसम्म पाइने भृकुटीमण्डप बजारमा एक हजार दुई सय ६५ वटा स्टल रहेका छन् । बजारभित्र आठ सय ४४ वटा पसल सञ्चालनमा रहँदा ३० देखि ३५ हजार परिवार बजारमा आश्रित रहेको उपाध्यक्ष पौडेलले जानकारी दिनुभयो ।रासस

# हेजिङ्ग सुविधा दिन चाहने बैंकसँग प्रस्ताव माग




काठमाण्डु । हेजिङ्ग सुविधा उपलब्ध गराउन चाहने सरकारी बैंकसँग सरकारले प्रस्ताव माग गरेको छ । अर्थ मन्त्रालयले वुधवार सूचना जारी गर्दै १५ दिनभित्र व्यावसायिक कार्ययोजनासहितको प्रस्ताव पेस गर्न भनेको हो।

'हेजिङ्ग नियमावली २०७९' को नियम ६ मा हेजिङ्ग सुविधा प्रदान गर्ने संस्थाका रूपमा काम गर्नका लागि सरकारी लगानी रहेको र नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत पाएको वा पूर्वाधार बैंकका रूपमा अनुमति पाएको हुनुपर्ने उल्लेख छ।

सोही व्यवस्थानुसार नेपाल राष्ट्र बैंकबाट इजाजत पाएको सरकारको पूर्ण वा आंशिक लगानी रहेको पूर्वाधार विकास बैंक वा वाणिज्य बैंकले हेजिङ्ग सुविधा उपलब्ध गराउनका लागि प्रस्ताव हाल्न पाउनेछन् । हेजिङ्गसम्बन्धी व्यावसायिक योजना तथा सम्बन्धित प्रस्तावकको कार्यक्षमताका आधारमा मूल्याङ्कन गरी मन्त्रालयले कुनै बैंकलाई हेजिङ्ग गर्ने बैंकका रूपमा तोक्नेछ।

हेजिङ्ग भन्नाले परियोजना कार्यान्वयनका लागि लगानीकर्ताले विदेशी ऋण लगानी गर्दा जुन विनिमय दरमा विदेशी मुद्रा बैंकमा जम्मा गरेको हो सोही विनिमय दरमा लगानी फिर्ता लैजान पाउने गरी विदेशी विनिमय दर स्थिर गर्ने कार्य हो। सरकारले विभिन्न पूर्वाधार निर्माणका क्षेत्रमा आउने विदेशी लगानीको हेजिङ्ग गर्ने गरी केही समयअघि मात्रै नियमावली संशोधन गरेको थियो । नयाँ नियमावलीले अन्तर्राष्ट्रिय मुद्रा कोषले कायम गरेको स्पेसियल ड्रइङ्ग राइट (एसडिआर) भित्र पर्ने विदेशी मुद्रामा मात्र हेजिङ्ग गर्ने प्रावधान राखेको छ।

नियमावलीअनुसार एक सय मेगावाट वा सोभन्दा बढी क्षमताको जलाशययुक्त वा अर्धजलाशययुक्त विद्युत् परियोजना, दुई सय २० केभी वा सोभन्दा बढी भोल्टेज क्षमताको ३० किलोमिटरभन्दा लामो विद्युत् प्रसारणलाइन र १० किलोमिटरभन्दा लामो मेट्रो वा मोनो रेलमार्गको निर्माणमा सरकारले हेजिङ्ग गर्ने व्यवस्था रहेको छ।

त्यस्तै सडक, फ्लाइओभर, अन्डरपास, सिग्नेचर पुल, सुरुङमार्ग, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विमानस्थल निर्माण एवं विस्तारमा पनि हेजिङ्ग सुविधा दिने व्यवस्था छ। रु दुई अर्बभन्दा माथिको स्वास्थ्य, कृषि, शिक्षा, पर्यटन, सूचना प्राविधिको क्षेत्र, औद्योगिक पूर्वाधार र सहरी विकाससम्बन्धी पूर्वाधार परियोजनामा पनि हेजिङ्ग सुविधा दिने नियमावलीमा उल्लेख छ। रासस

# पूर्ण क्षमताको बिद्युत उत्पादन

तनहुँ । तनहुँको आँबुखैरेनी गाउँपालिकामा रहेको मर्स्याङ्दी जलविद्युत् आयोजनाले हिउँदको सुख्खा समयमा पनि पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्दै आएको छ। गत असोज महिनामा भएको अत्याधिक वर्षाका कारण नदीमा बढेको पानीको बहाव अहिलेसम्म पर्याप्त रहेकाले पूर्ण क्षमतामा विद्युत् उत्पादन भइरहेको हो।

विगतका बर्षको यसै समयमा पानीको बहाव घट्दा ४० मेगावाटको हाराहारीमा विद्युत् उत्पादन हुने गरेको केन्द्रका इन्जिनियर जगदीश ढुङ्गानाले जानकारी दिनुभयो ।यस आयोजनाको तीनवटा युनिटबाट २३ मेगावाटका दरले ६९ मेगावाट विद्युत् उत्पादन गरी बितरण हुँदै आएको उहाँले बताउनुभयो।

मर्स्याङ्दी हिमालबाट बगेर आएको नदी भएकोले गर्मी मौसममा तापक्रम बढ्दै जाँदा हिउँ पग्लेर आउने भएकाले नदीमा पानीको बहावमा खासै कमी नहुने सो केन्द्रले जनाएको छ।

सहायक नदी र खोलामा पानीको बहाव बढेसँगै विद्युत् उत्पादन पनि बढ्ने गरेपनि हिउँद महिनमा कम विद्युत उत्पादन हुने गरेको थियो ।रासस

# नयाँ टर्मिनल भवन बन्ने



चितवन । भरतपुर विमानस्थलमा नयाँ टर्मिनल भवन बन्ने भएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले नयाँ टर्मिनल भवन निर्माण गर्न लागेको हो । यात्रुको चाप हुने यो विमानस्थल विस्तारका लागिसमेत प्रक्रिया अघि बढाइएको छ। प्राधिकरणले टर्मिनल भवनका लागि बोलपत्र आह्वान गरी प्राविधिक मूल्याङ्कनको क्रममा छ। प्राधिकरणका इञ्जिनीयर नलविक्रम थापाका अनुसार ६ वटा कम्पनीको बोलपत्र पेस भएको छ।

ती प्रस्तावको प्राविधिक मूल्याङ्कनपछि आर्थिक प्रस्तावबाट अन्तिम टुङ्गो लगाएर सम्झौता गरिने छ । उहाँको भनाइमा पुस महिनाका अन्तिम सातासम्ममा सम्झौता भइसक्छ। बोलपत्रको रकम रु दुई अर्बको हाराहारी रहेको भन्दै उहाँले एकिन रकम आर्थिक प्रस्तावपछि थाहा हुने बताउनुभयो। तीन वर्षभित्रमा सम्पन्न गर्ने गरी सम्झौता गरिने छ।

अत्याधुनिक किसिमको ७ हजार सात सय ४९ वर्गमिटर क्षेत्रफलमा भवन निर्माण गरिने छ । यससँगै टावर हुनेछ । विमानस्थलको धावन मार्ग विस्तार हुँदासमेत काम गर्ने गरी टर्मिनल भवन बनाउन लागिएको हो।

नेपाली सेनाको गण र घोडा प्रजनन केन्द्रलाई स्थानान्तरण गरी विमानस्थलको धावन मार्ग विस्तार गर्ने योजना रहेको छ । नेपाली सेनासँग प्राधिकरण छलफलमा रहेको थापाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो "विमानस्थलको धावनमार्ग विस्तार हुँदासमेत काम गर्ने गरी टर्मिनल भवन बनाउन लागिएको हो।"

हाल धावनमार्गको उडान र अवतरण हुने क्षेत्रमा अग्ला घर भएका कारण जहाजले कम यात्रु मात्रै बोक्ने गरेका छन्। धावनमार्ग विस्तारसँगै ठूला जहाज उडान गर्न सकिने र रात्रिकालीन उडानसमेत हुनेछन् । भरतपुर विमानस्थललाई तराईको लुक्ला भनेर जोखिम विमानस्थलको रूपमा लिने गरिन्छ।

भरतपुर महानगरपालिकाले यो विमानस्थललाई विस्तार गर्न पटक-पटक महानगरपालिकामै छलफल गरिसकेको छ । पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालको उपस्थितिमा विभागीय मन्त्री, सचिव, महानिर्देशक लगायतको उपस्थितिमा छलफल गरिएसँगै प्रक्रिया अघि बढाइएको भए पनि कामले मूर्त रुप लिन सकेको छैन।

महानगर प्रमुख रेनु दाहालले प्राधिकरण र नेपाली सेना सकारात्मक रहेकाले विमानस्थल विस्तारको काम हुनेमा आफू ढुक्क रहेको बताउनुभयो। नेपाली सेनालाई वैकल्पिक ठाउँको व्यवस्था महानगरले गर्नका लागि विभिन्न ठाउँ प्रस्तावसमेत गरिसकेको छ।

छोटो धावन मार्ग र वरिपरि घर भएकाले दुर्घटना हुन नपाओस् भन्नका लागि धावनमार्ग विस्तार गर्न सरोकारवालाले समेत निरन्तर दबाब दिँदै आएका छन्। यहाँबाट काठमाडौँ, पोखरा र भैरहवा उडान हुँदै आएको छ। हाल बुद्ध र गुण एयरले दैनिक १० हाराहारी उडान गर्दै आएका छन्। सन् २०२१ मा यहाँबाट आवतजावत गर्नेको सङ्ख्या ११ लाख ७६ हजार थियो।

# बाराही हाइड्रोपावरको आइपिओ खुला




काठमाण्डु । बाराही हाइड्रोपावर पब्लिक लिमिटेडले सर्वसाधारणका लागि साधारण शेयरको निष्कासन तथा बिक्री खुला गरेको छ । कम्पनीले वुधवारदेखि सर्वसाधारणका लागि प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ)को बिक्री खुला गरेको हो।

कम्पनीले प्रति शेयर रु एक सय अङ्कित दरका कूल पाँच लाख ५४ हजार कित्ता शेयर निष्कासन गरेको छ । यसअघि आयोजना प्रभावित क्षेत्रका स्थानीयका लागि छुट्याएको दुई लाख ५० हजार कित्ता शेयरमा एक लाख ४६ हजार कित्ता तोकिएका बासिन्दालाई बाँडफाँट गरी बाँकी एक लाख चार हजारसहित कूल पाँच लाख ५४ हजार कित्ता शेयर सर्वसाधारणमा निष्कासन गरिएको हो।

कम्पनीद्वारा निष्कासित शेयरमा २७ हजार सात सय कित्ता सामूहिक लगानी कोष र ११ हजार ८० कित्ता कम्पनीका कर्मचारीलाई बाँडफाँट गरी बाँकी पाँच लाख १५ हजार दुई सय २० कित्ता शेयर खरिदका लागि सर्वसाधारणले आवेदन दिन सकिने सार्वजनिक आह्वानपत्रमा उल्लेख छ।

सार्वजनिक आह्वानपत्र अनुसार सर्वसाधारण लगानीकर्ताले यही मङ्सिर २६ गतेसम्म र सो अवधिमा मागबमोजिम आवेदन नपरे आगामी पुस ६ गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम १० हजार कित्ता शेयर खरिदका लागि आवेदन दिन पाइने उल्लेख छ।

लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाबाट आस्वा प्रणालीमार्फत तथा मेरो शेयरको वेबसाइट र मोबाइल एपमार्फत पनि आवेदन दिन सकिनेछ। कम्पनीले बागलुङको जैमिनी नगरपालिका वडा न. १, ४ र ५ मा पर्ने ठेउले खोलामा एक दशमलव पाँच मेगावाट क्षमताको ठेउले खोला जलविद्युत् आयोजना निर्माण गरेको छ।

कम्पनीको शेयर निष्कासन तथा बिक्री प्रबन्धकमा एनआईबिएल एस क्यापिटल लिमिटेड रहेको छ । कम्पनीलाई ईक्रा नेपालले 'ईक्राएनपी-आईआर बी माईनस' ग्रेडिङ प्रदान गरेको छ ।रासस

# आठ कम्पनीलाई खरिद अनुगमन कार्यालयको स्पष्टीकरण



काठमाण्डु । सार्वजनिक खरिद अनुगमन कार्यालयले आठवटा निर्माण व्यवसायी र आपूर्तिकर्ता कम्पनीलाई दोस्रोपटक स्पष्टीकरण सोधेको छ।

ठेक्का सम्झौताअनुसार काम नगर्ने ती कम्पनीहरूलाई कालोसूचीमा राख्न नपर्ने कुनै कारण भए सात दिनभित्र लिखित स्पष्टीकरण पेस गर्न भनिएको हो।

सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार हेटौँडा- ११ मकवानपुरको गुण निर्माण सेवा, काठमाडौँकोसिरुवा-कविर-सुनकोसी जेभी, जानकीटोल-४ पर्साको मुस्कान सप्लायर्स, बानेश्वर-१० को अनुष्ठान कन्स्ट्रक्सन, तीनकुनेको सिरुवा कन्स्ट्रक्सन कम्पनी प्रालि, वीरगञ्जको दिल्ली ट्रेडिङ र चितवनको जयगढी माई निर्माण कन्स्ट्रक्सनलाई स्पष्टीकरण पेस गर्न भनिएको छ। यी निर्माण व्यवसायी तथा आपूर्तिकर्तालाई कालोसूचीमा राख्नका लागि विभिन्न निकायबाट खरिद अनुगमन कार्यालयलाई पत्राचार भएको थियो।

सोही पत्रका आधारमा खरिद अनुगमन कार्यालयले कालोसूचीमा राख्न नपर्ने आधार-प्रमाण भए ३० दिनभित्र लिखित स्पष्टीकरण पेस गर्न भनी यसअघि नै सूचना जारी गरेको थियो । तर यी कम्पनीले हालसम्म पनि लिखित स्पष्टीकरण पेस नगरेकाले दोस्रोपटक स्पष्टीकरण सोधिएको जनाइएको छ।

ठेक्का सम्झौताअनुसार काम नगर्ने यी कम्पनीहरूलाई सात दिनभित्र लिखित स्पष्टीकरण मागिएको छ। स्पष्टीकरण चित्तबुझ्दो नआएमा कालोसूचीमा राखिने कार्यालयले जनाएको छ ।रासस

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो

काठमाण्डु । धितोपत्र कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार वुधवारको बाजार १६ दशमलव ६१ अङ्कले घटेर एक हजार नौ सय १७ दशमलव २८ कायम भएको छ।

वुधवार दुई सय ४६ वटा कम्पनीको ८० लाख ९२ हजार सात सय १९ कित्ता शेयर रु एक अर्ब ६५ करोड ४६ लाख ६२ हजार पाँच सय ५० मा कारोबार भएको छ। वुधवारको कारोबारमा ३७ कम्पनीका शेयर मूल्य बढेका छन् भने एक सय ५९ कम्पनीका शेयर मूल्य घटेका छन्।

वुधवार भएको कारोबारमा होटल तथा पर्यटन समूहको उपसूचक मात्रै बढेको छ भने अन्य सबै समूहका उपसूचक घटेका छन् । होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव ३४ अङ्कले बढेको छ भने बैंकिङ समूह १७ दशमलव ४२, विकास बैंक समूह ३० दशमलव ८०, वित्त समूह १९ दशमलव ९९,जलविद्युत् समूह १२ दशमलव ३४ अङ्कले घटेको छ।

त्यस्तै व्यापार समूह शून्य दशमलव १७, जीवन बीमा समूह ८३ दशमलव ६४, उत्पादन समूहको उपसूचक ५५ दशमलव ४९, लघुवित्त समूह नौ दशमलव ८७, म्युचुअल फन्ड शून्य दशमलव ०३, निर्जीवन बीमा समूहको उपसूचक ३६ दशमलव ६०, अन्य समूह १० दशमलव ०६ तथा लगानी समूह १८ दशमलव २७ अङ्कले घटेको छ।

वुधवारको बजारमा सबैभन्दा धेरै खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य प्रतिकित्ता छ दशमलव ०९ प्रतिशतले बढेको छ भने नाडेप लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य प्रतिकित्ता नौ दशमलव ९९ प्रतिशतले घटेको छ।

कारोबारका आधारमा वुधवार सबैभन्दा धेरै सानिमा बैंकको संस्थापक शेयर रु ६७ करोड दुई लाख ९३ हजार बराबरको ५१ लाख कित्ता शेयर किनबेच भएको छ ।रासस

# कृषि मिटरको बिल गापाले भुक्तान गर्ने

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको बिष्णुपुर गाउँपालिकाकाले विकास बजेटको ठूलो भाग कृषि र शिक्षा क्षेत्रको उत्थानमा खर्च गर्ने निर्णय गरेको छ।

बजेट छेरेर सिध्याउनु भन्दा हरेक वर्ष एउटा/दुईवटा ठोस र अतिआवश्यक विषयमा पुग्ने बजेट विनियोजन गर्ने सोच अनुसार यस वर्ष गाउँपालिकाले कृषि र शिक्षा क्षेत्रलाई उच्च प्राथमिक्तामा राखी बजेटको ठूलो भाग कृषि विद्युतीकरण विस्तार तथा शैक्षिक सुधार शीर्षकमा विनियोजन गरेको छ।




गाउँपालिकाका अध्यक्ष उमेश प्रसाद यादवले सिँचाई अभावले समस्या भोगिरहेका किसानलाई राहत उपलब्ध गराउन यस पटक कृषि सिँचाई विद्युतीकरण योजना विस्तारका लागि १ करोड ५३ लाख रुपैयाँ बजेट विनियोजन गरिएको जानकारी दिएका छन्।

"पाँच वर्ष भित्र किसानको खेत/खेतमा सिँचाईका लागि पानी पुऱ्याउन र वर्षैभरि मौसम अनुसारको खेतीपाती गर्न उक्त परिमाणको रकम विनियोजन गरेका छौं, अध्यक्ष यादवले भने-'यसका लागि गाउँपालिकाको सातैवटा वडामा रहेका खेतमा सिँचाइका लागि नेपाल विद्युत प्राधिकरणसंग आवश्यक पहल थालेका छौं।"

उनले विद्युत लाईन विस्तार भएपछि ट्रान्सफरमर जडान गरी उक्त परियोजना अन्तर्गत किसानले कृषि प्रयोजनका लागि प्रयोग गर्ने सम्पूर्ण विद्युतको महसुल गाउँपालिकाले नै तिर्ने निर्णय भएको जानकारी दिए। सिँचाई सुविधा नपुगेको र पर्याप्त वर्षा नहुँदा किसानले रोपाई गर्न वर्षेनि दुःख भोग्नु परिरहेकाले पाँच वर्ष भित्र उक्त समस्याको स्थायी समाधान खोज्ने लक्ष्यका साथ पर्याप्त बजेट विनियोजन गरिएको र यो कार्य आगामी वर्षमा समेत निरन्तरता पाउने अध्यक्ष यादवले बताए।

सो गाउँपालिकामा करिब ४ हजार हेक्टर खेतीयोग्य जग्गा छ। जिल्लाभरमा कुल ८१ हजार ६ सय ६८ हेक्टर खेतीयोग्य जग्गा रहेकोमा ७२ हजार हेक्टर क्षेत्रफल जग्गामा किसानले वर्षेनि धान र ३ सय हेक्टर क्षेत्रफलमा चैतेधान लगाउदै आएको कृषि ज्ञान केन्द्र सप्तरीको तथ्याँक छ।

सिँचाईको अभाव र पर्याप्त पानी नपर्दा जिल्लाका प्राय सबै जसो पालिकामा किसानले आकासे खेतीमा भर पर्ने अवस्था छ। कृषि पछि शिक्षा र स्वास्थलाई उच्च प्राथमिक्तामा राख्दै काम गर्न थालेको अध्यक्ष यादवको भनाई छ।

गाउँपालिका क्षेत्र भित्रको शैक्षिक सुधारका लागि पनि यस वर्ष ३ करोड २० लाख रुपैयाँ बजेट विनियोजन गरेका छौं,उनले भने-'यस योजना अन्तर्गत गाउँपालिका भित्रका सबै विद्यालयको स्तरोन्नति, आवश्यक जनशक्तिको व्यवस्थापन, कक्षा कोठाहरुमा पंखाको व्यवस्था, गरिब, जेहेन्दार विद्यार्थीलाई विद्यालय सम्म पहुँच बढाउन घर दैलो निःशुल्क शैक्षिक सामग्री र पूर्ण छात्रवृत्ति प्रदान लगायतका सेवा सुविधा उपलब्ध गराइने उनले बताए।

अध्यक्ष यादवले भने-'म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जनताका लागि इमान्दार भएर काम गर्ने प्रतिज्ञा गर्छु " जस्ता नारा कार्यालयको भित्ता र आफ्नो कार्यकक्षको मूल ढोका मै टाँसेर काम गर्दै आएको छु। विकासका लागी भ्रष्टाचार रोक्नु पहिलो आवश्यक्ता रहेको छ।'

गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा समेत पर्याप्त बजेट छुट्ट्याएको प्रमुख प्रशासकीय अधिकृत रमेश यादवले बताए। मातहतका स्वास्थ्य संस्थाहरुलाई जनशक्ति, औषधि र उपकरणले सुसज्जित बनाउन पर्याप्त बजेट छुट्ट्याइएको प्रमुख प्रशासकीय अधिकृत यादवले बताए। यस क्रममा मुटु, क्यान्सर, मृगौला लगायत गम्भीर प्रकृतिका रोगीको उपचार खर्च सहयोगका लागि समेत बजेट विनियोजन गरिएको बताउदै उनले निकट भविष्य मै एम्बुलेन्स खरिद गर्न लागेको जानकारी पनि दिए।

उक्त एम्बुलेन्सबाट गरिब असहाय तथा गर्भवती महिलालाई उपचारका लागि बाहिर लैजानु परे निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिने उनको भनाइ थियो।

यस्तै गाउँपालिका भित्रका गरिब, असहाय, दलित महिलालाई १/१ थान खाना पकाउने सिलिन्डर सहितको ग्यास चुल्हो तथा आयआर्जनका लागि पशुपालनमा प्रोत्साहन र सीपमूलक तालिम सहित आवश्यक समाग्री प्रदान गर्ने निर्णय भएको गाउँपालिका कार्यालयले जनाएको छ।

# निर्वाचन आयोगद्वारा समानुपातिकको नतिजा घोषणा

**टुडे समाचारदाता**




काठमाण्डु । निर्वाचन आयोगले मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत प्राप्त गर्ने सिट संख्या निर्धारण गरेको छ।

निर्वाचनमा तीन प्रतिशत वा सो भन्दा बढी मत प्राप्त गर्ने राजनीतिक दलहरुले प्राप्त गरेको मतका आधारमा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा (२) र (६) तथा सोही ऐनको अनुसूची-१ र अनुसूची-२ बमोजिम तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० को उपदफा (२) र सोही ऐनको अनुसूची -१ बमोजिम राजनीतिक दलहरूबाट प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यमा निर्वाचित हुने संख्या आयोगबाट निम्न बमोजिम निर्धारण गरिएको हो।

**समानुपातिक तर्फ प्रतिनिधिसभा**

| क्र.सं. | दलको नाम | प्राप्त मत | मत प्रतिशतमा | सिट | सिट प्रतिशत |
|---|---|---|---|---|---|
| १. | नेकपा एमाले | २८४५६४१ | ३०.६९ | ३४ | २०.९१ |
| २. | नेपाली कांग्रेस | २७१५२२५ | २९.२९ | ३२ | २९.०९ |
| ३. | माओवादी केन्द | ११७५६८४ | १२.६८ | १४ | १२.७३ |
| ४. | राष्ट्रिय स्वतन्त्र पार्टी | ११३०३४४ | १२.१९ | १३ | ११.८२ |
| ५. | राप्रपा | ५८८८४९ | ६.३५ | ७ | ६.३६ |
| ६. | जसपा | ४२१३१४ | ४.५४ | ५ | ४.७५ |
| ७. | जनमत | ३९४६५५ | ४.३६ | ५ | ४.५५ |

**समानुपातिक तर्फ मधेश प्रदेश**

| क्र.सं. | दलको नाम | प्राप्त मत | मत प्रतिशतमा | सिट | सिट प्रतिशत |
|---|---|---|---|---|---|
| १. | नेपाली कांग्रेस | ४००१४४ | २०.४९ | ९ | २०.९३ |
| २. | नेकपा एमाले | ३५१७६८ | १८.०१ | ८ | १९.६० |
| ३. | जनमत पार्टी | ३२९१७७ | १६.८६ | ७ | १६.८२ |
| ४. | जसपा | २९८७७४ | १५.३० | ७ | १६.२८ |
| ५. | माओवादी केन्द | १८०८९० | १५.३० | ४ | ९.३० |
| ६. | नेकपा (एस) | ११३९१५ | ५.८३ | ३ | ६.९८ |
| ७. | लोसपा | ११३३६४ | ५.८० | २ | ४.६५ |
| ८. | राप्रपा | ६५०५४ | ३.३३ | १ | २.३३ |
| ९. | नेसस पार्टी | ५०१८८ | २.५७ | १ | २.३३ |
| १०. | नागरिक उन्मुक्ति | ४९७०५ | २.५५ | १ | २.१३ |

# फरार प्रतिवादी पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाम उप-महानगरपालिका-७ बस्ने ६१ वर्षीय धर्मदेव साहलाई प्रहरीले पक्राउ गरेको छ।

धनुषा जिल्लाको कजरा रमौल गाविस-७ हाल सवैला नगरपालिका-११ वस्ने श्याम किशोर साह सुडीको मुद्दामा धर्मदेवलाई विगो मुद्दामा २ वर्ष कैद भएको थियो।

अदालतको फैसला पछि फरार रहेका धर्मनाथलाई प्रहरीले खोजतलास गर्ने क्रममा उनलाई आफ्नै घर अगाडि बाटोमा पक्राउ गरी आवश्यक कारवाहीकोलागि धनुषा जिल्ला आदालत जनकपुरमा पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# प्रशासनिक भवनको उद्घाटन

**ओम प्रकाश यादव**



गरुडा। रौतहटको वृन्दावन नगरपालिकाको थप भवन निर्माण भइ सञ्चालनमा आएको छ। पर्याप्त भवनको अभावमा कर्मचारीलाई कामकाज गर्न निकै समस्या हुँदै आइरहेको अवस्थालाई मध्य नजर गर्दै वृन्दावन नगरपालिकाका नगर प्रमुख विनोद प्रसाद कुर्मीले नगरपालिकाको थप प्रशासनिक भवन निर्माण गरेका छन्।

बुधबार आयोजित एक कार्यक्रमका बीच नगर प्रमुख कुर्मीले नगर कार्यपालिका कार्यालयको नवनिर्मित भवनको उद्घाटन गरेका छन्।

नगर प्रमुख कुर्मीले भवनको उद्घाटन गरेसँगै बुधबारदेखि नै उक्त भवन सञ्चालनमा आएको छ।

पहिला पर्याप्त भवनको अभावमा एउटै कोठामा चार चारवटा सम्म शाखाहरू सञ्चालन हुँदै आएको थियो। एउटै कोठामा थुप्रै शाखाहरू सञ्चालन गर्नुपर्दा दैनिक कामकाज गर्न कर्मचारीहरुलाई समस्या हुँदै आएको थियो भने नागरिकको समेत कामकाज प्रभावित हुँदै आएको थियो।

भवनको अभावमा कर्मचारीलाई कामकाज गर्न समस्या भइरहेको र दैनिक कामकाजसमेत प्रभावित भइरहेको देखेर नगर प्रमुख कुर्मीले थप दुईवटा छुटाछुटै भवन निर्माण गरी कार्यालय विस्तार गरेका छन्।

थप भवन निर्माण भएसँगै पर्याप्त कोठाको अभावमा एउटै कोठामा थुप्रै शाखा सञ्चालन गर्नुपर्ने बाध्यता अन्त्य भएको छ। नवनिर्मित भवनमा प्रत्येक शाखाहरू को छुटाछुटै व्यवस्था गरिएको छ। उक्त भवनमा एउटा सभा हलको छुट्टै व्यवस्था गरिएको छ भने प्रशासन, राजस्व तथा दर्ता चलानी शाखा, सामाजिक सुरक्षा, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, रोजगार सेवा केन्द्र तथा लघु उद्यम शाखा, योजना तथा अनुगमन शाखा, प्राविधिक शाखा र शिक्षा युवा तथा खेलकुद शाखाको छुट्टै व्यवस्था गरिएको छ। निवर्तमान मेयर राम स्नेही यादवले आफू सहित अन्य कर्मचारीहरूलाई बस्नका लागि नगरपालिका कार्यालय भन्दा बाहिर चन्द्रपुर र गौरमा केही कोठाहरू भाडामा लिएर कार्य सञ्चालन गर्दै आएका थिए।

तर अब नगरपालिकाको पर्याप्त प्रशासनिक भवन निर्माण भएपछि भाडाको घरमा सञ्चालन हुँदै आएको कार्यालयको सेवा अब आफ्नै प्रशासनिक भवनबाट सुचारु भएको छ। भवनको उद्घाटन गरेपछि कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख कुर्मीले निवर्तमान मेयर यादव र तत्कालीन निमित प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव दुवै जना मिली नगरपालिकालाई कमाउ खाने भाँडो बनाइदिएका कारण नगरमा विकास निर्माणका काम हुन नसकेको आरोप लगाएका थिए।

शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार निर्माण कार्यको नाममा निवर्तमान मेयर यादवले भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गरेको मेयर कुर्मीले बताए।

यादवले पाँच वर्षमा बनाउन नसकेको नगरपालिकाको प्रशासनिक भवन आफू निर्वाचित भएको ८ महिनामै बनाएर देखाइदिएको समेत उनले दाबी गरे। अकुत सम्पत्ति आर्जन गरी जनताको कामभन्दा आफ्नै व्यक्तिगत विकास गरेकै कारण आम जनता यसपालिको स्थानीय तहको निर्वाचनमा निवर्तमान मेयर यादवलाई पाखा लगाइदिएको समेत उनले बताए।

आफूले आफ्ना कार्यकालको सुरुवातमा सबभन्दा पहिला अव्यवस्थित रूपमा सञ्चालित नगर कार्य पालिका कार्यालय व्यवस्थित रूपमा सञ्चालन गराएको र अझै थप अन्य सुधारका कामहरु गर्न लागेको उनले बताए। नगरपालिकालाई समृद्धि र विकसित बनाउन आफू विकास निर्माण लगायत कार्यलाई द्रुत गतिमा अगाडि बढाएको उनले बताए।

भवन उद्घाटन कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उपसचिव खिम बहादुर भुजेल, जनप्रतिनिधि, कर्मचारी लगाएतको सहभागिता रहेको थियो।

# लैङ्गिक हिंसा विषयक अन्तरक्रिया सम्पन्न



**टुडे समाचारदाता**

राजविराज । लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानअन्तर्गत दैनिक कार्यक्रम गर्दै आएको मूल समारोह समितिले बुधबार राजविराजमा लैङ्गिक हिंसाको अवस्था र समाधानका उपाय विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रमका वक्ताहरुले हिंसा अन्त्यका लागि घरबाटै अभियान सुरू गर्नुपर्ने बताए। कार्यक्रममा इन्सेक प्रतिनिधि मनोहर पोखरेलले सबै तह, क्षेत्र र संरचनामा लैङ्गिकमैत्री वातावरणको निर्माण गरिनु पर्ने बताए। समृद्ध समाजका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका जरुरी रहेको र त्यस्का लागि मानसिकता परिवर्तन हुनुपर्ने उनले बताए।

सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दासले महिला हिंसा अन्त्यको लागि घरबाटै छोरा र छोरीबीचको विभेदको अन्त्य गर्नुपर्ने धारणा राखे। उनले सामाजिक सुरक्षालाई विशेष महत्व दिएर समानता कायम गर्नुपर्ने धारणा राखे।

आसमान नेपालका रेणु सिंहको अध्यक्षता र शान्ता सिंहको स्वागत पछि सुरु भएको कार्यक्रममा राजविराज नगरपालिकाकी अनिता चौधरी, सामुदायिक सेवा केन्द्रका सचिव संजय शर्मा, सहयोगी समाजका रामप्रकाश चौधरी, मिलाफकी अध्यक्ष रमिला साह, थारु महिला समन्वय समतिका अध्यक्ष चन्द्रकला चौधरी, प्यापसन मधेश प्रदेशकी उपाध्यक्ष रिभा मिश्रले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा लैङ्गिक हिंसा विरूद्ध अभियानमा संलग्न अधिकारकर्मीहरुलाई आसमान नेपालले सम्मान गरेको थियो। आसमान नेपालको संयोजनमा भएको अन्तरक्रिया कार्यक्रम अघि हिंसा विरुद्धको प्लेकार्डसहित निस्केको जुलुसले नगर परिक्रमा गरेको थियो।

# सर्वोच्च प्रवेश गर्ने राणाको दोस्रो प्रयास पनि असफल

**टुडे समाचारदाता**




काठमाण्डु । निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाको सर्वोच्च अदालत प्रवेश गर्ने दोस्रो प्रयास पनि असफल भएको छ। संसद् सचिवालयबाट आफूमाथि लगाइएको महाभियोग प्रस्ताव निष्प्रभावी भएको पत्र लिएर राणा बुधबार अदालतमा फर्कने तयारी गरेका थिए। तर, सचिवालयले दिएको पत्रको वैधानिकतामाथि प्रश्न उठेपछि राणाको अदालत फर्कने प्रयास विफल भएको छ।

यसअघि गत असोज २ गते राणाले सर्वोच्चमा फर्कने प्रयास गरेका थिए। निर्वाचनको मिति घोषणा भएर प्रतिनिधिसभाको आयु सकिएकाले संवैधानिक प्रक्रियाअनुसार सबै प्रस्ताव निष्क्रिय भएको दाबी गर्दै अदालतमा नियमित काममा फर्कने सूचना पठाएका थिए। तर, सरकारले उनलाई रोक्न निवास र सर्वोच्च अदालतमा ठूलो मात्रामा सुरक्षाकर्मी परिचालन गरेको थियो। राणाले त्यतिबेला आफू 'नजरबन्द' मा नै परेको दाबी गरेका थिए।

बुधबार संसद् सचिवालयले निलम्बित प्रधानन्यायाधीश राणालाई महाभियोग निष्प्रभावी भएको पत्र दिएको थियो। सचिवालयले राणासमेत अन्य ५ वटा निकायलाई महाभियोग निष्प्रभावी भएको पत्र पठाए पछि सर्वोच्च अदालत जाने तयारी गरेका थिए। प्रधानन्यायाधीश राणाले पत्र बुझेर आफू सर्वोच्च अदालत जाने तयारीमा रहेको बताएका थिए। उनले भनेका थिए, 'मलाई संसद् सचिवालयले महाभियोग निष्प्रभावी रहेको पत्र दिइसकेको छ। म सर्वोच्च अदालत जाने तयारीमा छु।'

यद्यपि सर्वोच्च अदालत गएर आफूले कामकाज भने नगर्ने उनको भनाइ थियो। उनले भनेका थिए, 'हामी एक महिना अगाडिबाटै बेञ्चमा बस्दैनौं। अन्य प्रशासनिक काम पनि खासै गर्ने गरिएको छैन। म सर्वोच्च त जान्छु तर न्यायिक वा प्रशासनिक काम गर्ने सोच छैन।'

राणा अदालत आउने तयारी गरेपछि सर्वोच्चमा खैलाबैला मच्चियो। नेपाल बार एसोसिएसनले तत्कालै बैठक बसेर राणालाई अवरोध गर्ने निर्णय गऱ्यो। नेपाल बार एसोसिएसनका महासचिव अञ्जिता खनालका अनुसार संसद् सचिवालयको पत्र असंवैधानिक रहेको कारण राणालाई सर्वोच्चमा प्रवेश गर्न नदिन आन्दोलन गर्न लागिएको बताइन्। सर्वोच्च अदालतको गेटमै बसेर धर्ना दिने र प्रवेशमा अवरोध गर्ने एसोसिएसनको तयारी थियो।

त्यसपछि राणालाई सर्वोच्चमा प्रवेश अनुमति नदिन सर्कुलर नै गरिएको थियो। प्रहरी प्रधान कार्यालयले उपत्यका प्रहरी कार्यालयलाई प्रवेश अनुमति नदिन सर्कुलर गरेको प्रहरी प्रधान कार्यालयका एक जना उच्च अधिकृतले बताए। प्रहरीलाई सर्कुलर भएपछि राणाको सर्वोच्च फर्कने बाटो फेरि बन्द भएको थियो।

यता सर्वोच्च अदालतले संसद् सचिवालयका महासचिवलाई निलम्बित प्रधान्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्धको महाभियोग प्रस्ताव के आधारमा निष्प्रभावी भयो भनेर पत्र लेखेको भन्ने प्रश्न सोधेको छ। सर्वोच्च अदालतका सहरजिस्ट्रार नारायणप्रसाद रेग्मीले बुधबार संसद् सचिवालयका महासचिवलाई पत्र लेख्दै तत्काल जानकारी उपलब्ध गराउन भनेका छन्।

संसद् सचिवालयका महासचिव भरतराज गौतमले जबराविरुद्धको महाभियोग प्रस्ताव निष्प्रभावी भएको पत्र दिएपछि विवाद बढेको छ। सोही सम्बन्धमा बुधबार सर्वोच्च अदालतको पूर्ण बैठकले संसद् सचिवालयका महासचिवसँग यसबारे औपचारिक जानकारी लिने निर्णय गरेको थियो। सोही आधारमा सहरजिस्ट्रार रेग्मीले महासचिव गौतमलाई पत्र लेख्दै प्रश्न गरेका छन्।

'नव निर्वाचित प्रतिनिधिसभाले कार्य प्रारम्भ नगर्दैको अवस्थामा कुन संवैधानिक वा कानूनी व्यवस्थाको आधारमा महासचिवले महाभियोगको प्रस्ताव निष्प्रभावी भएको भनी उल्लेख गर्नु भएको हो ?' सर्वोच्चले संसद् सचिवालयका महासचिवलाई लेखेको पत्रमा सोधिएको छ।

**प्रदेश स्तरीय अन्तर बैंक क्रिकेट प्रतियोगिता, २०७९**

आर्थिक समृद्धिको लागि जनतामा वित्तिय पहुँचको विस्तार

खेल मार्फत वित्तिय क्षेत्रका कर्मचारीहरुको शारीरिक, मानसिक तथा आपसी सद्भावको विकास भन्ने मूल नाराका साथ प्रदेश स्तरीय अन्तर बैंक क्रिकेट प्रतियोगिता, २०७९ हुन गइरहेकोले सहभागिताको लागि हार्दिक अनुरोध गर्दछ।

आयोजक :- नेपाल राष्ट्र बैंक कर्मचारी संघ, जनकपुर समिति
स्थान :- तिरहुतिया गाछी, जनकपुरधाम
मिति :- २०७९ मंसिर २२, २३ र २४ गते

**धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौ**

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
- आफू, परिवार वा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।

त्यसैले,
धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८